वर्ष : १९, अंक : २१, काठमाडौं, २०८० भाद्र २२ गते शुक्रबार, 8 September, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## चिकित्सा शिक्षा आयोगको उपाध्यक्षमा डा.अञ्जनी कुमार नियुक्त



काठमाडौं । चिकित्सा शिक्षा आयोगको उपाध्यक्षमा नेपाल सरकारले प्राध्यापक डा. अञ्जनीकुमार झालाई नियुक्त गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रा.डा.झालाई नियुक्ति गरेको हो । लोकसेवा आयोगका अध्यक्षको अध्यक्षतामा गठित समितिले ३ जनाको नाम सिफारिस गरेको थियो । तीमध्ये झा नियुक्त भएका हुन् ।

उनीसहित श्रीकृष्ण गिरी, प्रवीण मिश्रको नाम सिफारिसमा परेको थियो । झा कांग्रेस निकट नेपाल चिकित्सक संघका पूर्वअध्यक्ष हुन् ।

उपाध्यक्ष बन्न मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा २० वर्षको अनुभव भएको वा १० वर्षको अनुभवसहित स्वास्थ्य सेवामा क्षेत्रमा कम्तीमा २० वर्ष काम गरेको अनुभव हुनुपर्ने व्यवस्था छ ।

२०७५ मा जारी चिकित्सा शिक्षा ऐन र चिकित्सा शिक्षा आयोगसँग स्वार्थको टकराव नभएको हुनुपर्ने योग्यता तोकिएको छ ।

सिफारिस समितिले व्यावसायिक कार्ययोजना सहितको सोचपत्रसमेत दरखास्तको साथ माग गरेको थियो । दरखास्तको आधारमा प्रारम्भिक छनौट गर्ने र प्रस्तुति पछि ३ जनाको नाम सिफारिस गर्न सक्ने व्यवस्था छ । सिफारिसको आधारमा प्रधानमन्त्री तथा आयोग अध्यक्षले एक जनालाई उपाध्यक्षमा नियुक्ति गर्नेछन् ।

## वीरका निर्देशकद्वारा रेडियोग्राफी निरीक्षकमाथि दुर्व्यवहार



द्वारिकाप्रसाद यादव
रेडियोग्राफी निरीक्षक

काठमाडौं । वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले रेडियोलोजी विभाग सिटी स्क्यानमा कार्यरत रेडियोग्राफी निरीक्षक द्वारिकाप्रसाद यादवमाथि दुर्व्यवहार गरेका छन् । निर्देशक पौडेलले यसअघि पनि कार्यरत विभिन्न शाखाका कर्मचारीहरुलाई गालीगलोज र अपशब्द प्रयोग गर्दै आएका छन् । विभिन्न संगठनहरुले निर्देशक पौडेलाई कारबाही गर्न सरोकारवाला निकायहरुसँग पनि माग गरेका छन् ।

डा. पौडेलमाथि वीर अस्पतालमा कार्यरत विभिन्न शाखा कर्मचारीहरुलाई विगतदेखि नै गालीगलोच र अपशब्द भन्दै आइरहेको आरोप लाग्दै आएको छ । यसै सन्दर्भमा हालैमात्र वीर अस्पतालको रेडियोलोजी विभागमा कार्यरत एक कर्मचारीलाई सार्वजनिक रुपमै गालीगलौच र अपशब्द प्रयोग गरेको भन्दै उनीमाथि कारबाहीको माग गरिएको छ । नेपाल रेडियोलोजिकल सोसाइटी र मधेशी स्वास्थ्यकर्मी फोरम, नेपालले डा. पौडेलको ज्यादति बढ्दै गएको भन्दै कारबाहीको माग गरेका हुन् ।

उनी यसअघि ट्रमा सेन्टरको निर्देशक हुँदा पनि कर्मचारीलाई गालिगलोज गर्ने धम्काउने, अपशब्द प्रयोग गर्ने जस्ता कार्य गरेको भन्दै उजुरी परेको थियो । उनीमाथि अस्पतालमा भष्टाचार, सचिवालय गठन, ३ करोडको कोटेशनमा सामान खरिद, केही रकम लिएर १० कर्मचारीको नियुक्तिलगायतका कार्य गरेको पनि आरोप लागेको छ । यसअघि डा. पौडेलले दुर्व्यवहार र भौतिक आक्रमणको छानबिन गरी कारबाही गर्न र सुरक्षाको माग गर्दै एक कर्मचारीले प्रधानमन्त्री, स्वास्थ्यमन्त्री, स्वास्थ्य सचिव, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति र मधेशी आयोगलाई उजुरी पत्र समेत पठाएका छन् । तर हालसम्म उनीमाथि कुनै किसिमको कारबाही हुन सकेको छैन ।

## वीरगञ्ज बनाउन सबैको साथ र सहयोग अपरिहार्य : मेयर सिंह



वीरगन्ज । वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगन्ज बनाउन सबैको साथ र सहयोग अपरिहार्य रहेको बताएका छन् ।

लायन्स क्लब अफ इन्टरनेशनलको आयोजनामा शुक्रबार आयोजित मेडिकल सामग्री हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले वीरगञ्ज्लाई समृद्ध बनाउन लायन्स लगायत सबैको साथ र सहयोग आवश्यक रहेको बताएका हुन् ।


लायन्स क्लबले वीरगञ्ज र यस क्षेत्रमा गरेको कामको सह्राना गर्दै उनले आउँदा दिनमा वीरगञ्जको आवश्यकता र यहाँका नागरिकको चाहना बमोजिमका कार्यक्रम संचालन गर्न पनि आग्रह गरे ।

लायन्ससँग सहकार्य गर्दै महानगर अघि बढ्न तयार रहेको भन्दै मेयर सिंहले महानगरले स्थापना गरेर संचालनको तयारी गरेको वीरगञ्ज जनस्वास्थ्य प्रयोगशालामा केही उपकरणहरु आवश्यक रहेकाले त्यसको व्यवस्था गरिदिन आग्रह गरे ।

लायन्स क्लब अफ इन्टरनेशनलका डिएन अग्रवालले शिक्षा स्वास्थ्यको क्षेत्रमा लायन्स क्लबले काम गर्दै आएको जानकारी दिँदै आफूहरु महानगरसँग सहकार्य गरेर अघि बढ्न सँधै तयार रहेको बताए । महानगरको प्रयोगशालालाई आवश्यक परेको उपकरण उपलब्ध गराउन लायन्स तत्पर रहेको भन्दै अग्रवालले यसबारे छिट्टै निर्णय दिने पनि बताए ।

बाँकी अन्तिम पृष्ठमा

## कांग्रेसका सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार



काठमाडौं । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि धारिलो हतियार खुकुरी प्रहार भएको छ । काठमाडौँको भृकुटीमण्डपस्थित रिपोर्टर्स् क्लबको कार्यक्रमबाट बाहिरिएका यादव गाडी चढ्न लाग्दा धारिलो हतियारबाट आक्रमण भएको थियो ।

उनका अनुसार आक्रमण गर्ने नुवाकोटको विदुर नगरपालिका-७ बस्ने ४७ वर्षीय श्याम सापकोटालाई आक्रमणमा प्रयोग भएको हतियारसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

धारिलो हतियारबाट यादवको टाउकाको पछाडिको भागमामा गहिरो चोट लागेको छ । उनको ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

सो आक्रमणको कारण खुल्न सकेको छैन । उक्त घटनाका बारेमा प्रहरीले अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

# मधेशीलाई अधिकार सम्पन्न नबनाएसम्म समृद्धि र विकास हुँदैन : महन्थ ठाकुर




जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले विगतमा भएको सहमतिहरू सरकारले पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।

मधेश प्रदेश समितिको विस्तारित बैठकलाई महोत्तरीको बर्दिबासमा सम्बोधन गर्दै उनले मधेशी जनतालाई अधिकर सम्पन्न नबनाएसम्म देशको समृद्धि र विकासको लक्ष्य हाँसिल गर्न कठिन हुने बताएका हुन् ।

उनले ठूलो जनसंख्या भएको भूगोलका नागरिकहरू पछाडि रहे देश अगाडी जान्छ भन्ने कल्पनासम्म नगरिने बताए ।

लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले अहिले पनि विभेद कायमै रहेको बताउँदै मधेश प्रदेशको समृद्धि र विकासका लागि सबै प्रकारको विभेदको अन्त्य हुनुपर्ने बताउँदै वडा स्तरमा नै सङ्गठन सुदृढ बनाउन आग्रह गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री एवं पार्टीका नेता शरतसिंह भण्डारीले वैदेशिक रोजगारीमा जाने युवाहरूलाई फ्रि भिसा तथा फ्रि टिकटको नीतिलाई कडाइका साथ कार्यान्वयन गर्ने काममा मन्त्रालय लागि परेको बताएका छन् ।

मधेश प्रदेश समितिका अध्यक्ष जितेन्द्र सोनलको अध्यक्षतामा बैठक बसेको थियो ।

आम निर्वाचनपछि सुस्त रहेको महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालले वडाको बुथ समितिसम्म पुग्ने तयारी थालेको छ।

जनकपुरधाममा पार्टीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै लोसपाका मधेस प्रदेश अध्यक्ष जितेन्द्र सोनलले पार्टी संगठनको समिक्षा र सुधार आर स्क्वायर अभियान अन्तर्गत वडाको बुथ समितिसम्म पुग्ने अभियान थालेको बताए।

पार्टीका नेताहरु पालिका, त्यसको वडा र वडाको बुथ समितिसम्म भ्रमण गर्ने र जिल्ला, निर्वाचन क्षेत्र तथा पालिका स्तरको बैठक बसेर संगठनको समिक्षा तथा सुधारका विषयमा गहन छलफल गर्न लागेको सोनलको भनाइ छ।

पत्रकार सम्मेलनमा अध्यक्ष सोनलले पार्टीले गर्न लागेको काम र ध्यानाकर्षण सम्बन्धनमा उनले नागरिकता ऐन लागू भएर जन्मसिद्धका सन्तानले नागरिकता पाउनु खुशीको विषय भएपनि आमाको नाममा नागरिकता पाउन अझै झन्झट र अवरोध रहेको विषयमा छिट्टै सो नियमावली जारी गरि सो समस्या समाधानका लागि पनि सरकारसँग माग गरे।

प्रहरी समायोजन/समन्वय ऐन प्रमाणीकरण भएपनि कार्यान्वयन नहुँदा प्रदेश सरकार कमजोर देखिएको र संघीयता माथि नै प्रश्न चिन्ह उठेको भन्दै संविधानले सुनिश्चित गरेको सो ऐन कार्यान्वयनका लागि माग गरे। सुख्खा र बाढीबाट पीडित मधेसको

बाँकी अन्तिम पृष्ठमा

## कानुनी अस्पष्टताले सेवा प्रवाहमा असर : मुख्यमन्त्री यादव



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले कानुनी अस्पष्टता र दोहोरोपनले गर्दा विकास निर्माण कार्य एवं सेवा प्रवाहमा चाहेअनुरुपको उपलब्धि हासिल नसकिएको गुनासो व्यक्त गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वय र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सहजीकरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा जनकपुरधाममा तीन तहका सरकारका अधिकारको कार्य विस्तृतीकरण परिमार्जन गर्न प्रारम्भिक सुझाव संकलनका लागि आयोजित अन्तरक्रिया गोष्ठीमा मुख्यमन्त्री यादवले सो गुनासो व्यक्त गरेका हुन् ।

यसैगरी, तीन तहको जिम्मेवारीको स्पष्टताको अभावमा स्वास्थ्य, सरसफाई, खानेपानी, सामाजिक विकास, शिक्षा, ग्रामीण विकास जस्ता क्षेत्रमा पनि असर परेको कुरा उनले बताए ।

प्रदेश स्वास्थ्य संस्था र औषधि विक्रेताको नियमन गर्ने अधिकारसमेत प्रदेशमा हुनुपर्छ, उनले भने, 'यसैगरी खानेपानी, ध्वनि प्रदूषण, हावाको गुणस्तर जस्ता विषय पनि प्रदेशको जिम्मेवारीभित्र समाहित हुनुपर्दछ ।'

प्रदेश आर्थिक व्यवस्थापनमा सुधार गर्न श्रोतको सुनिश्चितता गर्न प्रदेशले आन्तरिक ऋण लिन पाउने व्यवस्थालाई तत्काल कार्यान्वयन गर्नुपर्दछ, उनले भने ।

प्रदेश सरकारको श्रोतको दायरा अत्यन्त न्युन भएको हुँदा पुर्नविचार गरी थप अधिकारको व्यवस्था हुन र विद्यमान दायरालाई फराकिलो जरुरी छ, उनले जोड दिए ।

सो अवसरमा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संघीय लोकतान्त्रिक गणतन्त्र आएपनि व्यवहार परिवर्तन नहुँदा अपेक्षित परिणाम आउन नसकेको बताए ।

सहअस्तित्वको कुरा गरिएपनि केन्द्रले मनपरी ढंगले कानुन बनाएको गुनासो पोख्दै उहाँले कर्मचारीतन्त्र पनि सच्चिनुपर्ने आवश्यक्तामा जोड दिए ।

सो अवसरमा भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवले संघीय सरकारले बेइमानी गरेको आरोप लगाए ।

बजेट र अधिकारको मामिलामा संघीय सरकारले प्रदेश सरकारसित बेइमानी गर्दै आएको गुनासो उनले पोखे ।

भौतिक पूर्वाधार विकास मन्त्री यादवले ६५ लाख जनसंख्या रहेको मधेश प्रदेशलाई १३ अर्ब मात्र र १६ लाख जनता रहेको कर्णाली प्रदेशलाई १६ अर्ब बजेट विनियोजन गरिएकोमा असन्तुष्टि व्यक्त गरे ।

जनसंख्याको आधारमा बजेट विनियोजन हुनुपर्छ, उहाँले भन्नुभयो- तर, संघीय सरकारले उल्टै बजेट कटौती गरेर विभेद

बाँकी अन्तिम पृष्ठमा

## 'जी २०' सम्मेलनको तयारी अन्तिम चरणमा




काठमाडौं । विश्वका २० ठूला अर्थतन्त्र तथा औद्योगिक राष्ट्रहरूको समूह 'जी २०' को १८औं शिखर सम्मेलन आउदो शनिवार र आइतवार भारतको राजधानी नयाँ दिल्लीमा हुँदैछ । भारत 'जी-२०' समूहको अध्यक्ष देश हो। सन् २०२२ नोभेम्बरको १५-१६ मा इन्डोनेसियाको बालीमा भएको १७औं शिखर बैठकले भारतलाई समूहको अध्यक्ष बनाएको थियो । भारतले अध्यक्षता गरे पछि दिल्लीमा 'जी २०' १८औं शिखर सम्मेलन हुन लागेको हो ।

'जी २०' मा जर्मनी, अर्जेन्टिना, ब्राजिल, अमेरिका, क्यानडा, भारत, चीन, रुस, इन्डोनेसिया, इटाली, अस्ट्रेलिया, जापान, बेलायत, टर्की, मेक्सिको, साउदी अरेबिया, फ्रान्स, दक्षिण कोरिया, दक्षिण अफ्रिका र युरोपियन युनियन सदस्य छन् । यी देशका सरकार तथा राष्ट्रप्रमुखले बैठकमा भाग लिने छन् ।

पर्यवेक्षकको रुपमा थप ९ देशलाई जी-२० शिखर सम्मेलनमा भारतले आमन्त्रण गरेको छ । बंगलादेश, यूएई, ओमान, नाइजेरिया, नेदरल्यान्ड, मौरिसस, इजिप्ट, सिंगापुर र स्पेन पर्यवेक्षकको रुपमा सम्मेलनमा सहभागी हुदै छन् । जी-२० मुलुकले विश्वको ८० प्रतिशत जीपीडी, ७५ प्रतिशत अन्तर्राष्ट्रिय व्यापार र ६० प्रतिशत जनसंख्या हिस्साको प्रतिनिधित्व गर्ने भएकाले यसलाइ अहिलेको विश्वकै सबै भन्दा वलियो फोरमको रुपमा लिईएको छ ।

सम्मेलनको तयारी स्वरुप भारत सरकारले भोली शुक्रवार देखि सोमवारसम्म ( सेप्टेम्बर ८ देखि ११) राजधानी नयाँ दिल्लीमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । सुरक्षा व्यवस्थाको सहजताका भारत सरकालले यो निर्णय गरेको छ ।

सम्मेलनका लागी दिल्लीमा सडकहरुका विशेष सरसफाइ र सजावट गरिएको छ । सडकपेटीमा १ लाखभन्दा बढी फूलका गमला राख्ने काम अन्तिम चरणमा पुगेको छ ।

सम्मेलनका लागि दिल्लीको प्रगति मैदानमा भारत-मण्डप बनाइएको छ। गत महिना प्रधानमन्त्री नरेन्द्र मोदीले त्यसको उद्घाटन गरेका थिए। जी-२० को सम्मेलनलाई लक्षित गरेर २ हजार ७ सय करोडको लागतमा उक्त मण्डप अर्थात् विभिन्न अत्याधुनिक सुविधाहरू सहितको सभाहलको निर्माण भएको हो। त्यही सभाहलमा जी-२० का नेताहरूको 'शेर्पा' बैठक हुनेछ। यो स्तरको सम्मेलन भारतले पहिलो पटक गर्न लागेको हो। विश्वकै सबै शक्तिशाली देशका प्रमुखहरूको जमघट दिल्लीमा हुने भएपछि त्यसको भारत सरकारले विशेष तयारी गरेको हो।

सम्मेलनका क्रममा विभिन्न प्रकारका १ सय ८५ वटा बैठक हुनेछन् । तीमध्ये १३ वटा मन्त्रीस्तरीय बैठक हुनेछन् ।

दक्षिण एसियामै पहिलोपटक भारतमा हुन लागेको यो स्तरको सम्मेलनको नारा 'वसुधैव कुटुम्बकम्: एक धर्ती, एक परिवार, एक भविष्य' तय गरिएको छ ।

यस पटकको सम्मेलनमा वातावरण, व्यापार र अर्थतन्त्र मुख्य एजेन्डा हुने भएका छन् । हरित विकास, जलवायु वित्त, पर्यावरण तथा जलवायु परिवर्तनसम्बन्धी युरोपेली संघको कार्यक्रम, छिटो र समावेशी विकास, स्थायी विकासका लक्ष्यहरूमा प्रगति, प्राविधिक परिवर्तन, बहुपक्षीय संस्था तथा महिलाको नेतृत्वमा विकासलगायत विषयमा बैठकमा छलफल हुने भएको छ।

## सम्पादकीय

# कोशी प्रदेशको सत्ता संकट

सत्ता गठबन्धनको तर्फबाट कोशी प्रदेशमा मुख्यमन्त्री रहेका नेपाली कांग्रेसका उद्धव थापा दोस्रोपटक पदमुक्त भएका छन् । यसअघि असार २१ मा मुख्यमन्त्रीमा नियुक्त भएका थापा साउन ११ मा सर्वोच्च अदालतकै आदेशानुसार पदमुक्त भएका थिए । उनी दोस्रो पटक पनि मुख्यमन्त्री नियुक्ति प्रक्रियामा गैरकानूनी कदम चालेको भन्दै फेरि सर्वोच्च अदालतले हिजो बिहीबार आदेश जारी गरेको छ । यतिबेला आदेशमात्रै जारी गरेको छैन, मुख्यमन्त्री थापाले समाएको बाटो गैरकानूनी छ र उनी गैरकानूनी बाटोबाट असंवैधानिक तरिकाले मुख्यमन्त्री नियुक्त भएका थिए भनेर सर्वोच्च अदालतले परमादेश नै जारी गऱ्यो । कोशी प्रदेशका मुख्यमन्त्रीमा ४८ घण्टाभित्र एमालेका संसदीय दलका नेता हिक्मतबहादुर कार्कीलाई नियुक्त गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ । सर्वोच्च अदालतले उद्धव थापालाई पदमुक्त हुने आदेश गरेको हो । थापाले प्रदेशसभा बैठकको अध्यक्षता गरेका इस्राइल अन्सारीलाई मतदान गर्न लगाएर ४ भदौमा प्रदेशसभाबाट विश्वासको मत लिएका थिए । त्यसविरुद्ध एमाले संसदीय दलका नेता कार्की सर्वोच्च आए । त्यही मुद्दामा न्यायाधीशहरु सपना प्रधान मल्ल, डा. कुमार चुडाल र नहकुल सुवेदीको पूर्ण इजलासले सभाको अध्यक्षता गरेका व्यक्तिले दिएका मतलाई संविधानसम्मत भन्न नमिल्ने ठहर गरेको हो । विश्वासको मत बदर गर्दै इजलासले मुख्यमन्त्री थापालाई पदमुक्त गऱ्यो । पटक पटक विश्वासको मत पाउने अवसर दिन नसकिने भन्दै पूर्ण इजलासले अर्को प्रक्रियामा जानुपर्ने आदेश गरेको हो । उद्धव थापालाई दोस्रो पटक सर्वोच्च अदालतले मुख्यमन्त्रीबाट हटाएको हो । एमालेसँग पनि सरकार बनाउने बहुमत छैन । अर्कोतिर एमालेका नेताहरु नेपाली कांग्रेसँग मिलेर सरकार बनाउने दाबी गर्दै आएका छन् । तर कांग्रेसले एमालेलाई सहयोग गर्छ भन्ने प्रश्न उठेको छ । कोशी प्रदेशको सत्ता संकट हेर्ने हो भने स्वतः मध्यावधिको बाटोमा छ । तर कांग्रेस, एमाले र माओवादी जस्ता ठूला भनाउँदा दलहरु मध्यावधिमा जान डराइरहेका छन् । यासका विभिन्न कारणहरु छन् । एकातिर ठूला भनाउँदा दलहरुप्रति ठूलो निराशा देखिँदै आएको छ भने अर्कोतिर पहिचानवादीहरु यी दलहरुप्रति आक्रोशित देखिएका छन् । कोशी प्रदेश नामाकरणका विरुद्ध आन्दोलन हुँदै आएको छ । दलहरुले चुनावका बेला दिएका आश्वासनविपरीत प्रदेशको नामाकरण गरेको आरोप छ । यस्तो अवस्थामा कोशी प्रदेशमा मध्यावधि भयो भने निश्चितरुपमा यी तीन ठूला दललाई ठूलो क्षति हुनेछ भने पहिचानवादीहरुको पक्षमा बहुमत आउने प्रायः निश्चित छ । तसर्थ, कोशी प्रदेशमा गहिरिँदै गएको सत्ता संकटको निकास के होला हेर्न बाँकी छ ।

# वैचारिक स्खलनमा परेको लोकतन्त्र

**विचार - विश्लेषण** भाग-१९३



उपेन्द्र झा

विश्वको आकर्षणको केन्द्र नेपाल रहेको जगजाहेर छ । वैदेशिक सहायता पनि पर्याप्त मात्रामा उपलब्ध हुँदै आएको छ । विकासको हरेक क्षेत्रमा विश्वको सहयोगलाई नकार्न सकिन्न । तर पनि देश विकासको लय समात्न नसकेको देशको दुर्भाग्य हो । प्रजातन्त्र पुनर्स्थापना पश्चात् लोकतान्त्रिक शक्तिहरुको बुद्धिको क्षयीकरण अर्को दुर्भाग्य हो । मानिसहरु भन्ला "आलोचना मात्रले देश बन्दैन । तर सरकारको प्रशंसा लायकको कर्त्तव्य पनि हुनु पऱ्यो । स्वार्थलिप्सा, कर्त्तव्यच्यूत, दायित्वबोध नभएको लापरवाह सरकारको क्रियाकलापबाट देश अधोगतिमा पुगेको स्पष्ट छ । जुनसुकै राजनीतिक दलको सरकार भएपनि उपरोक्त गुणबाट सुसज्जित प्रतिनिधीको समान चरित्र र व्यवहार रहेकोले शासन व्यवस्थामा फरक व्यवहार पाईंदैन ।

प्रजातन्त्र पुनर्स्थापना पश्चात् सरकारबाटै सेटिङ्ग मिलाएर सुन ओसार्ने व्यापार शुरु भयो । तीन दशकभन्दा बढि अवधीमा यसले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा बलियो नेटवर्क तयार गरि सकेको छ । जसको सरकार आएपनि यही नेटवर्कबाट सबैले फायदा लिने आय स्रोत बनाएर राखेको छ । सुन तस्करीको संगठित अपराध गरि नैतिकता गुमाएका सरकारले संस्थागत भ्रष्टाचारको उद्योग पनि संचालन गरेको छ । यही नै देश विकासको मुख्य एजेण्डा बनेको छ ।

वर्षौंदेखि पूर्वी नेपालमा शरणागत पीडा भोगि रहेका भुटानी शरणार्थीहरुलाई अमेरिकामा अवसर दिई राख्ने अमेरिकी सरकारको निर्णय अनुसार भुटानी शरणार्थी प्रमाणित गर्न नेपाल सरकारलाई आग्रह गर्दा नैतिक पतन भएका सरकारले नक्कली भुटानी शरणार्थी प्रमाणित गरि अर्बौं भ्रष्टाचार गरेको कुरा बाहिर आयो । मानव बेच विखनमा वर्तमान तथा विगतका सरकार संलग्न रहेको कुरा सार्वजनिक भएबाट किञ्चित पनि लाज नमान्ने राजनीतिक दलका नेताहरु कति हदसम्म नैतिक पतन भएको छ यस मानव तस्करीको घटनाले उजागर गरेको छ ।

शक्तिको दुरुपयोग गरि पर्दा पछाडि गरेको नैतिक पतनका खेलहरुको अनुसन्धानको दायरामा आउँदा गिरफ्तार भएका मन्त्रीहरु तथा सचिवहरु जेल जाँदा रोएका थिए । अमेरिकाको दबावमा शुरु भएको अनुसन्धानले अन्य धेरै भ्रष्टाचारका फाईलहरुलाई कारवाहीको दायरामा ल्याएको छ । क्रमिक रुपले उच्च ओहदावालहरु गिरफ्तार हुँदै गई रहेकोले राज्य संचालक तीनवटै राजनीतिक दलहरु चिन्तामा परेका छन् । काँग्रेस गठबन्धनमा रहेको प्रचण्ड नेतृत्वको सरकार अहिले अनुसन्धानलाई अगाडि बढाएको छ । शेरबहादुर देउवा पत्नि तथा बालकृष्ण खाँडकी पत्नि समातिने शंका नेपाली काँग्रेसमा व्याप्त रहेकोले समीकरण बदल्ने हल्ला चलेको छ ।

शेरबहादुर देउवाले सिआईवीको टीमलाई सरुवा गर्न दबाव बढाउँदा प्रचण्डले उक्त टीमलाई सरुवा गऱ्यो । अब गृहमन्त्रीलाई बदल्ने दबाव आई रहेको छ । गृहमन्त्री बदलेन भने हामी सरकार बदल्ने दिशामा अगाडि बढ्छौं भनेर नेपाली काँग्रेसको चेतावनी आई रहेको छ । सरकारमा बस्ने व्यक्तिहरु जतिसुकै नैतिक पतनका काम गरेपनि उनलाई कानून लाग्नु हुँदैन भन्ने मान्यताका साथ लोकतान्त्रिक शक्तिहरु बाँचेका छन् । अनुसन्धानको नाउँमा शीर्ष नेताहरुको प्रतिष्ठाको धज्जि उडि रहेको अवस्थामा विद्यमान सरकार जिम्मेवार रहेको नेपाली काँग्रेस तथा एमालेको प्रचण्ड सरकारमाथिको आरोप छ । शीर्ष नेताहरुको मान्यता के छ भने भ्रष्टाचार निवारणका लागि अनुसन्धान होस् तर नेताहरुलाई छुनु हुँदैन । हामी शासक हौं र शासकलाई भ्रष्टाचार लाग्नु हुँदैन । यही मनोवृति अहिलेसम्म काम गर्दै आएको छ । सानालाई ऐन, ठूलालाई चैन भने बमोजिम काम हुनु पर्दछ ।

देश विकासमा अवरोध बनेका भ्रष्टाचार निवारण गर्न थाल्नु सरकारको प्रशंसा योग्य कदम रहेको भन्नुको सट्टा पार्टीका नेताहरुलाई अपराधी बनाउनु हुँदैन भन्ने विचार लिएर हिंड्ने कसरी लोकतन्त्रवादी तथा देशप्रेमी हुन सक्दछ ? तस्करी, भ्रष्टाचार तथा माफियागिरी अपराध दुनियाँका व्यापार हुन् । सरकारले लिएको यस्तो नैतिकहीन चिन्तनले देशको विकास हुँदैन, भएको पनि छैन ।

देशमा फस्टाएको भ्रष्टाचार व्यापार तथा यसलाई नियन्त्रण गर्न सरकारको कुनै प्रयास नरहेको कारण फाइनान्सियल एक्शन टास्क फोर्सले नेपाललाई **"ग्रे लिष्ट"** मा राख्दा पनि चेत खुलेको छैन । यसरी नकारात्मक सूचीमा सूचीबद्ध भएपछि नेपालले पाउने वैदेशिक सहायताबाट बञ्चित हुने जिम्मेवार पक्ष यसप्रति किञ्चित पनि चिन्ता मानेको छैन । यो नैतिकहीनताको पराकाष्ठा हो ।

विश्व बैंकको नेपाल विकास रिपोर्टले नेपाल अहिले जति मूल्य बराबरको वस्तु निर्यात गरि रहेको छ त्यस्को १२ गुणा बढि निर्यात गर्ने क्षमता नेपालसंग छ भनेको छ । सन् २०२१ सम्मको तथ्याँकलाई आधार बनाएर विश्व बैंकले तयार पारेको प्रतिवेदन अनुसार नेपाल प्रतिवर्ष १२ खर्बभन्दा बढि मूल्य बराबरको निर्यात गर्न सक्छ । नेपालले निर्यात बृद्धि १५ प्रतिशत कायम गर्न सक्यो भने आउँदो १० वर्षमा नेपाल क्षमता अनुसार निर्यात गर्न सफल हुने विश्व बैंकको अध्ययनले देखाएको छ ।

देशको अहिलेको अवस्थाको मूल्याँकन गर्दा विश्व बैंकले नेपालको निर्यात क्षमता बलियो रहेको औंल्याउँदा पनि सरकारको चेत नखुल्नुको कारण के हो ? विश्व बैंकले गरेको १०४ मुलुकको सर्वेमा सबैभन्दा धेरै निर्यात गुमाउने नेपाल पहिलो मुलुक हो । निर्यातको माध्यमबाट नेपाल १० वर्षमा उभो लाग्ने विश्व बैंकको विश्लेषणबाट पनि सरकारको आँखा नखुलेको कारण के हो ?

३ दशकदेखि नैतिकहीनताको लामो अभ्यासमा राजनीतिक दलहरुले नैतिकता भन्ने शब्दको अर्थ नै बिर्सिसकेको छ । त्यसैले त ट्रान्सपेरेन्सी इन्टरनेशनलले आफ्नो प्रतिवेदनमा नेपालको सबै क्षेत्र भ्रष्टाचारमा संलग्न रहेको देखाउँदा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जङ्गिदै भनेका थिए - "ट्रान्सपेरेन्सी इन्टरनेशनलको प्रतिवेदन मिथ्या हो ।" अर्थात् नैतिकहीनताले कतिसम्म अन्धो बनाएको छ कि उज्यालो हेर्नै चाहँदैन । आफ्नै नैतिकहीन व्यापार नै प्यारो भएको छ ।

३ दशकदेखि नैतिकहीनताको लामो अभ्यासमा राजनीतिक दलहरुले नैतिकता भन्ने शब्दको अर्थ नै बिर्सिसकेको छ । त्यसैले त ट्रान्सपेरेन्सी इन्टरनेशनलले आफ्नो प्रतिवेदनमा नेपालको सबै क्षेत्र भ्रष्टाचारमा संलग्न रहेको देखाउँदा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जङ्गिदै भनेका थिए - "ट्रान्सपेरेन्सी इन्टरनेशनलको प्रतिवेदन मिथ्या हो ।"

नेपालको स्रोत साधन, विकासोन्मुख देशलाई दिईने अन्तर्राष्ट्रिय सहयोग, वैदेशिक ऋण तथा देशका श्रमशक्ति आदिको सहयोगले नेपालको विकास द्रूतगतिले हुने कुरामा दुईमत छैन । तर भ्रष्टाचारी, तस्कर र माफियाबाट राज्यसत्तालाई मुक्त नगराउञ्जेल देशको विकास सम्भव छैन भन्ने जनताले पनि बुझि सकेका छन् । राजनीतिक दलका नेताहरु यिनका मतियार भएकोले नारदमोहमा परेर विश्वमोहिनीलाई मात्र हेरि रहेका छन् । यिनमा शुद्धिकरणको भाव पनि जाग्दैन । राजनीतिमा वैचारिक स्खलन जानलेवा बिमारी हो । यसले अस्तित्व नै समाप्त पार्छ । लोकतन्त्रको के विसात् ।

janukjha24@gmail.com

# सामाजिक अवस्था एकदमै अस्थिर बन्दै, समयमै चेतौं



**पशुपतिनाथ झा मधेशी**

नेपालमा संघीय व्यवस्था लागू भएपछि स्थानीय निकाय एउटा शक्तिशाली एकाईको रूपमा स्थापित भएको छ । संघ, प्रदेश र स्थानीय सरकारको रूपमा विभाजित यस प्रणालीमा स्थानीय निकायहरुले प्रदेशहरुभन्दा पनि बढी अधिकार र झण्डै दोब्बर बजेट पाएका छन् । तर सिंहदरबार गाउँमा पुऱ्याउने संवैधानिक मर्मको विपरीत स्थानीय निकायहरु बेथिति र वितण्डाको केन्द्र बनेका छन् ।

आर्थिक अनियमितता माथि कुनै अंकुश छैन भने गोप्य रूपमै उपभोक्ता समितिहरु बनाएर बजेट कुम्ल्याउने घृणित कार्य उत्कर्षमा पुगेको छ । अधिकांश ठाउहरुमा आम जनमानस स्थानीय सरकारहरुले गर्ने विकास कार्यसँग अनभिज्ञ नै हुन्छन् । सूचना पाउने जनताको नैसर्गिक अधिकार बाधित हुने अनेकौं वृतान्त भेटिन्छन् ।

मधेशमा त झन् दयनीय अवस्था छ । पालिकाहरुले सार्वजनिक गर्नु पर्ने बजेटको जानकारी आमजनले बिरलै थाहा पाउँछन् । अहिलेको अवस्थामा सत्तासीन स्थानीय निकायका छोटे राजाजीहरुको नीति र कार्यक्रममा भएको मनोमानीको विरुद्ध आवाज उठाउँदा क्रुरतापूर्ण दमनको सामना गर्नु पर्दछ आम जनतालाई ।

लोकतन्त्रमा शान्तिपूर्वक विरोध गर्न पाउने हरेक नागरिकको नैसर्गिक अधिकारलाई कुण्ठित पार्ने कार्यमा स्थानीय निकायहरु विगतका कुख्यात राणाहरुको जहानियाँ शासनलाई पनि पछि पारेका छन । आफ्नो प्रतिनिधि आफैं चुनेर आफ्नो स्थानीय कार्यहरु बढी प्रभावकारी ढंगले होस् भन्ने चाहना राखेका आमजनता अहिले नराम्ररी ठगिएका महशुश गरिरहेका छन् ।

कुनै पनि ठाउँमा विकास कार्यलाई प्रभावकारी बनाउन राम्रो भिजन र मिशनको आवश्यकता हुन्छ, जुन नेपालका स्थानीय निकायहरुमा बिरलै भेटिन्छ । खासमा जहाँ अग्रगामी सोचले सिंचित योजनाहरुको सावधानीपूर्वक कार्यन्वयन हुनु पर्ने हो । त्यहीं सेटिङ्गको आधारमा ब्रह्मलूट भैरहेको छ । नेपाल एउटा यस्तो देश हो जहाँ आयात र निर्यातको अन्तर खतरनाकस्तरमै छ । निरन्तर व्यापार घाटा बढी नै रहेको यस देशको मुख्य लक्ष्य उत्पादकतामा वृद्धि हुनु पर्ने हो, तर हामी लगभग अनभिज्ञ नै छौं । द्रुत गतिमा हामी श्रीलंका र पाकिस्तानको बाटोमा हिंडिरहेको चेतावनी बेला-बेलामा अर्थविद्हरुबाट पाई नै रहेका छौं ।

कुनै देशको सबलताको मेरुदण्ड भनेको त्यहाँ को जनताको स्वास्थ्य, शिक्षा र उद्यमशीलता हो । हामी वर्षेनी लाखौं जनतालाई सस्तो मजदूर र घरेलु कामदारका रूपमा निर्यात गरिरहेका छौं भने स्थानीय निकायको अदुरदर्शिताको कारणले शिक्षा र स्वास्थ्यको अवस्था टिठलाग्दो अवस्थामा पुगेको छ । स्थानीय निकहरुमा भ्रस्टाचार रूपी राक्षसले यति बिकराल रुप लिएको छ कि यसको शिकार जनता र त्यहाँका निरीह कर्मचारीहरु निरन्तर बनिरहेको समाचारले अखबारका पानाहरु भरिएका हुन्छन् ।

स्थिति बिग्रँदै गएर हाम्रो सामाजिक अवस्था एकदमै अस्थिर बनाएको छ र हामी कुनै ज्वालामुखीको बिस्फोटनबाट धेरै टाढा छैनौ । समयमै हामी चेतेनौं भने ठूलो दुर्घटना हुन बेर लाग्दैन । यसकारण सम्पूर्ण प्रबुद्ध र जिम्मेदार नागरिक, संस्थान र व्यक्तिहरुले एउटा जिम्मेबारीका साथ यस्तो दुर्घटनाबाट जोगिन बलियो पाइला सार्नु पर्ने आजको आवश्यकता हो ।

# चिनियाँ राजदूतले आफ्नो मर्यादाबाहिर गएर अभिव्यक्ति दिए

**राजदूतबाट कुनै अभिव्यक्ति आउनु भनेको चीनको आधिकारिक धारणा हो। मैले अघि पनि निवेदन गरें कि चिनियाँ राजदूतावास मात्रै होइन, नेपालमा चीनको एउटा राजनीतिक पार्टी रहेको प्रतीत हुन्छ। सार्वभौमसत्ता सम्पन्न नेपालका लागि सहन गर्न सकिँदैन। यो घोर आपत्तिजनक, निन्दनीय विषय हो।**



**रमन पाण्डेय**

**हिन्दी भाषा अभियानी तथा लोसपा नेता**

**० नेपाल-भारत व्यापार सम्बन्धका विषयमा चिनियाँ राजदूतले दिएको अभिव्यक्तिलाई कसरी लिनुहुन्छ ?**

– अनावश्यक कुरा गर्ने चीनको नियति नै रहेको छ। नेपाल र भारतबीच सांस्कृतिक, जनस्तरकोको सम्बन्ध सदियौंदेखि रहँदै आएको छ। यो सम्बन्धमा एउटा छिमेकीको नाताले अमर्यादित अभिव्यक्ति दिनुले स्पष्ट संकेत गर्छ कि नेपालका नेताहरु आफ्नो स्वविवेकले राजनीति गरिरहेकै छैन। नेपाल र भारतबीचको कुनै पनि सम्बन्धका बारे चिनियाँ राजदूतावासबाट राजदूतको अभिव्यक्ति नआउनुपर्ने हो। राजदूतावासको एउटा आफ्नै मर्यादा हुन्छ। तर चिनियाँ राजदूतले आफ्नो मर्यादाबाहिर गएर अभिव्यक्ति दिएका छन्। नेपाल र भारतबीच जुन धार्मिक, सांस्कृतिक, जनस्तर, राजनीतिक, व्यापारिक सम्बन्ध छन्, त्यसलाई बिगार्ने उद्देश्यले चीनको तर्फबाट आधिकारिक अभिव्यक्ति दिइएको हो। नेपालमाथि जुनसुकै विषम् परिस्थिति वा संकट आउँदा भारत जहिले पनि एउटा असल मित्रजस्तै निःस्वार्थभावले उभिएको हुन्छ। कहिल्यै पनि भारतले नेपाललाई व्यापारिक दृष्टिकोणले हेरेको छैन। नेपाल र भारतबीच विशुद्ध भाइचाराको सम्बन्ध छ। यो भाइचाराको सम्बन्धमा चिनियाँ राजदूतबाट अमर्यादित र गैरकुटनीतिक अभिव्यक्ति आउनु घोर निन्दनीय छ। काठमाडौंका नश्लीय सोच भएका केही व्यक्तिले हरेक विषयमा भारतमाथि दोषा लगाउँथे। तर, भारतले आजसम्म नेपालको आन्तरिक मामिलामा कहिल्यै पनि बोलेको छैन। तर, चिनियाँ दूतावासबाट अनावश्यक टिप्पणी हुनुले प्रमाणित गर्छ कि यहाँ राजदूतावास नभएर चीनले नेपालमा राजनीतिक पार्टी खोलेको छ र त्यो पार्टीको सञ्चालक चिनियाँ राजदूत छन्। यस्ता राजदूतलाई यहाँ एक मिनेट पनि बस्ने नैतिक धरातल छैन। यस्ता राजदूतलाई चिनियाँ सरकार अविलम्ब फिर्ता बोलाउनुपर्छ। यसै पनि राजदूतको अभिव्यक्ति चीन सरकारको आधिकारिक अभिव्यक्ति मान्नुपर्दछ।

**० चिनियाँ राजदूतको अभिव्यक्ति चीन सरकारको आधिकारिक धारणा मान्नुपर्दछ ?**

– बिल्कुल। राजदूतबाट कुनै अभिव्यक्ति आउनु भनेको चीनको आधिकारिक धारणा हो। मैले अघि पनि निवेदन गरें कि चिनियाँ राजदूतावास मात्रै होइन, नेपालमा चीनको एउटा राजनीतिक पार्टी रहेको प्रतीत हुन्छ। सार्वभौमसत्ता सम्पन्न नेपालका लागि सहन गर्न सकिँदैन। यो घोर आपत्तिजनक, निन्दनीय विषय हो। नेपालको आन्तरिक मामिलामा चीनको प्रत्यक्ष हस्तक्षेप हो। यो भर्त्सनायोग्य विषय हो। यस्ता राजदूत अविलम्ब फिर्ता जानुपर्छ। यस विषयमा नेपाल सरकारले स्पष्टीकरण लिनुपर्छ।

**० तर चिनियाँ राजदूतको अभिव्यक्तिबारे नेपाल सरकार वा कुनै पनि राजनीतिक दलको आधिकारिक धारणा आएको छैन नि ?**

– जब कुनै खास देशको होमवर्क लिएर काम गर्छ भने त्यो देशको विरुद्धमा कुनै धारणा राख्न सक्दैन। यहाँका राज्यसत्ता सञ्चालकका अधिकांश व्यक्ति चीनबाट निर्देशित छन्, जसले सत्य कुरालाई आमनेपाली जनता समक्ष राख्न सकिरहेका छैनन्। जुन चुच्चे नक्सा सार्वजनिक गरेर ठूलो राष्ट्रवादी बनेका थिए यहाँका शासकहरुले, त्यो नक्सालाई विश्व समुदाय अगाडि प्रस्तुत नै गरेका छैनन्। उग्रराष्ट्रवादको तहत भारतविरोधी अभिव्यक्ति दिएर मत प्राप्त गरे, उग्रराष्ट्रवादलाई स्थापित गर्ने काम गरे तर त्यो नक्सालाई विश्वसामु प्रस्तुत नै गरेनन्। अहिले चीनले जुन नक्सा सार्वजनिक गरेको छ, त्यसमा सयौं हेक्टर भूमि हड्पेको छ। हुमला, जुमला, रसुवा लगायतका थुप्रै जिल्लाका भूमि चीनले आफ्नो नक्सामा समावेश गरेको छ। तर, यस्तो कुनै प्रमाण छैन कि भारतले नेपालको एक इन्च पनि भूमि मिचेको छैन। तर चीनले नेपालको भूमि प्रत्यक्ष मिचेको देखाएको छ। यसअघि पनि रुई गाउँपालिकादेखि सगरमाथाको उत्तरी भाग चीनले कब्जा नै गरिसकेको छ। भारतको डर यदि चीनलाई नभएको भए नेपाललाई खाइसकेको हुन्थ्यो। यहाँका अधिकांश नेतागण चीनको गुलामी गरिरहेका छन्। यी गुलाम नेताहरुबाट नेपालको सार्वभौमिकताको रक्षा हुन सक्दैन। त्यसैले हामी जोडतोडका साथ चिनियाँ राजदूतको अभिव्यक्तिको विरोध गर्छौं। नेपाल-भारतबीचको विशिष्ट सम्बन्धमा खलल पुऱ्याउने चीनको कुनै अधिकार छैन। भारत आज बसुधैव कुटुम्बकमको मार्गचित्रमा अगाडि बढ्दै विश्व एक परिवार, एक भिविष्य अपनाइसकेको छ। यदि नेपाललाई भारतको साथ र सहयोग नभएको नेपाल आज पनि १२-१४ घण्टाको लोडसेडिङ्गको शिकार हुनुपर्दथ्यो। नेपाललाई सवल, सक्षम र विकसित बनाउन भारत सरकार सधैं चिन्तित रहँदै आएको छ। हाम्रो हितैषी को हुन् भन्ने ज्ञान नेपाली जनतालाई राम्ररी छ।

**० चिनियाँ राजदूतको अभिव्यक्तिबारे सरकारले स्पष्टीकरण सोध्छ त ?**

– सोध्नुपर्ने हो। यदि चिनियाँ राजदूतसँग स्पष्टीकरण सोध्दैन भने यो सरकार असक्षम छ।

**० प्रधानमन्त्रीको चीन भ्रमणको तयारी पनि हुँदैछ, यो भ्रमण कस्तो रहला ?**

– भ्रमण हुनु त स्वाभाविक हो। यसअघि पनि प्रधानमन्त्रीले मित्रराष्ट्र भारतको भ्रमण गर्नुभएको थियो। सो भ्रमण एकदमै सौहार्दपूर्ण र उपलब्धिमूलक रह्यो। सो भ्रमणले हाम्रो परम्परागत सम्बन्धलाई अझ मजबुत बनायो। प्रधानमन्त्रीले चीन पनि जानुपर्छ। तर, चीन जानुअघि प्रधानमन्त्री राजदूतसँग स्पष्टीकरण सोधेर जानुपर्ने हो। चिनियाँ राजदूतावास जो आज नेपालमा एउटा पार्टीको जस्तो काम गरिरहेको छ, त्यसको पछिल्लो अभिव्यक्तिले प्रमाणति गरेको छ। सरकारले स्पष्टीकरण सोध्नुपर्छ कि दुई राष्ट्रको बीचको सम्बन्धमा किन हस्तक्षेप गरिरहेको छ।

**० जब भारतले सांस्कृतिक नक्सा संसद भवनमा राख्दा यहाँ केहीले विरोध गरेका थिए, तर चीनले नेपालका भूमिहरु आफ्ना नक्सामा राख्दा विरोध भएको देखिँदैन त ?**

– भारतमा सम्राट अशोककालीन सांस्कृतिक नक्सा भारतको संसद भवनको ग्यालेरीमा सज्जाइएको थियो। त्यसको चर्चा केही उग्रराष्ट्रवादीहरुले नेपालका सडकमा गरेका थिए। तिनीहरुको भोटबैंकको आधार पनि त्यहीं हुन्छ। त्यो विषय समाप्त भइसक्यो, किनकि त्यो सांस्कृतिक नक्सा थियो। त्यो नक्सालाई कसैले नकार्न सक्दैन। त्यो नक्सा अखण्ड भारतको नक्सा हो, त्यो नक्सा अखण्ड समयसम्म रहन्छ। त्यो कसैले बनाएको आजको नक्सा होइन। जहाँसम्म कुरो छ कि चीनले भूमि मिच्दा राजधानीमा कुनै विरोध भएन, यसमा खास कुरो के हो भने नेपालको राजधानी प्रो-चाइनिजबाट भरिएको हो। नेपालको भूमि अतिक्रमित भएको छ र चीनले आफ्नो नक्सामा समावेश गरेको छ। नेपालको भूमि चीनले मिच्दा पनि काठमाडौंको सडकमा विरोध नहुनु दुर्भाग्य हो। काठमाडौंको भूमिको अधिकांश भू-भाग चिनियाँ दानापानीबाट सिंचित छ। होइन भने हाम्रो भूमि दुनियाँका कुनै देशले अतिक्रमण गर्दा हामी किन नबोल्ने ? जसले अतिक्रमण गर्दैन, उसको विरोधमा उग्रराष्ट्रवाद देखाउनका लागि अगाडि आउँछन्। तर जसले स्पष्टरुपमा नेपालको भूमि अतिक्रमण गर्छ र नक्सामा पनि समावेश गर्छ, त्यसको विरोधमा यहाँका नश्लीय चिन्तन भएका व्यक्तिहरु बोल्दैनन्। त्यसैले नेपालको राजधानी परिवर्तन गर्नुपर्छ।

# अबको विकल्प भनेको आम विद्रोह नै हो



**चन्द्रभुषण साह**

**प्रवक्ता, आम जनता पार्टी**

**अहिलेका शासकहरु कुनै-कुनै बहानामा मौजुदा मुद्दाहरुलाई विषयान्तर गराउन नयाँ-नयाँ बखेडा खडा गरिरहेका हुन्छन्। प्रधानमन्त्री लाखौं जनता सडकमा उतार्छु भन्नु एउटा स्टन्ट मात्रै हो। आम जनताको मुद्दालाई विषयान्तर गरेर आफ्नो सत्तालाई लम्ब्याउन सकिन्छ कि षड्यन्त्र हो।**

**० हालै सम्पन्न आम जनता पार्टी नेपालको केन्द्रीय समिति बैठकले के-के निर्णय गऱ्यो ?**

– आम जनता पार्टीको ऐतिहासिक दोस्रो पूर्ण केन्द्रीय समितिको बैठक भाद्र ११ र १२ गते सम्पन्न भयो। हामीले देशमा आम जनताको लोकतन्त्र प्राप्ति, शासन व्यवस्था र सर्वोच्चताका लागि मुख्य कार्यदिशा बोक्दै बैठकले धेरै महत्वपूर्ण निर्णयहरु लिएको छ। मूलतः हामीले कार्यदिशामा के भनेका छौं भने भगौडा दलाल सत्ताको भण्डाफोर गर्ने र आम जनविद्रोहको बाटोमा अगाडि बढ्ने। पार्टी अध्यक्षद्वारा तयार पारिएको राजनीतिक प्रतिवेदन सर्वसहमतिले पारित भएको छ।

**० तपाईंहरु आम जनविद्रोहको तयारीमा लाग्नुभएको छ ?**

– हाम्रो केन्द्रीय समितिको बैठकले के निचोड निकालेको छ भने मूलतः नेपाललाई दुई वर्गमा विभाजन गरेको छ। वर्गहरुका विभिन्न आयामहरु छन्। हामीले विभाजन गरेको वर्ग भनेको एउटा आमजनताको वर्ग र अर्को शासकहरुको वर्ग। हामीले पहिला नै भनेका छौं, मुलुकमा आम जनताको सर्वोच्चता र शासन व्यवस्था लागू गर्नका लागि क्रियाशील भएका छौं। हामीले नेपाल र विश्वको राजनीतिमा एउटा नयाँ भाष्य निर्माण गर्ने कोशिष गरिरहेका छौं। त्यो भाष्यलाई सहजरुपमा बुझ्न राज्यमा सहज पहुँच हुनु हो। यहाँ नेताहरु ठूलठूला भाषण गर्छन् तर देशमा लोकतन्त्र नै आएको छैन। आम जनताको लोकतन्त्र प्राप्तिका लागि हामी क्रियाशील छौं। मूलतः देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेसँगै व्यवहारतः त्यो स्थिति छैन।

**० नेपालमा फेरि जनविद्रोहको सम्भावना छ ?**

– आम जनताको लामो त्याग, तपस्या, बलिदानबाट देशमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भयो। तर दुर्भाग्य, त्यसलाई व्यवस्थापकीय जिम्मेवारी पाएका दलका नेताहरुले बेइमानी गर्नुभो। यसलाई संस्थागत गर्ने बेलामा नराम्ररी छेड्खानी गर्नुभो। अहिले व्यवस्थालाई हामीले गण्डा व्यवस्था भनेका छौं। आम जनताले अपेक्षा गरेको व्यवस्थालाई त्यहींरुपमा इमान्दारिताका साथ कार्यान्वयन गर्न अब आम विद्रोह मात्रै बाटो हो। किनभने जबसम्म व्यवस्था बदलिँदैन तबसम्म अवस्था बदलिने सम्भावना रहँदैन। रुपमा व्यवस्था बदलियो तर सारतः अझै पनि पुराने अवस्थाको निरन्तरता छ। नीति, नेतृत्व, अवस्था, व्यवस्था सबै अन्तर्निहीत कुराहरु हुन्। एउटा कुरोको अपुगताले अर्को कुराको पुष्टि हुन सक्दैन। हामी भनेको यो देशका अग्रगामी मोर्चा छौं। देशलाई अग्रगमनमा लान चाहनेहरु बीचको एउटा ध्रुवीकरण अपरिहार्यता छ। आम जनताहरुको ध्रुवीकरणले आम विद्रोह सम्भव छ। आम विद्रोहबाट हामीले परिकल्पना गरेको शासन सत्ता लागू गराउन अहिलेको अपरिहार्य छ। देश, जनता र समग्र राष्ट्रिय राजनीति त्यो ध्रुवमा अगाडि बढिसकेको कुरा हामीलाई भान भइरहेको छ।

**० भनेपछि तपाइँहरु व्यवस्था र अवस्था दुवै परिवर्तनका लागि आम विद्रोह गर्नुहुन्छ ?**

– अबको दीर्घकालीन निकासका लागि आम विद्रोहबाहेक अन्य कुनै विकल्प छैन। देशले यदि शान्ति, सुव्यवस्था, स्थिरता, विकास र समृद्धिको लक्ष्य हासिल गर्नुछ भने आम विद्रोह बाहेक अब कुनै विकल्प रहेन। आम जनतालाई लुटेर शासकहरु जसरी रमाइरहेका छन्, त्यो स्थितिको अन्त्य गर्नका लागि पनि आम जनता संगठित हुनैपर्छ। संगठित शक्तिले आम विद्रोहको मार्फत् देशमा हामीले खोजेको लोकतन्त्र, व्यवस्था र आम जनताको सर्वोच्चता हुने किसिमको व्यवस्था ल्याउन सक्छ। लोकतन्त्रमा जहिले पनि जनता नै ठूलो हुनुपर्छ। त्यसका लागि अबको विकल्प भनेको आम विद्रोह नै हो।

**० यता तपाइँहरु आमविद्रोहको कुरा गर्नुहुन्छ, अर्कातिर देशका प्रधानमन्त्री जसले देश चलाइरहेका छन्, उसले पनि लाखौं जनता सडकमा उतार्ने भनिरहेका छन्। देश कता जाँदैछ ?**

– अहिलेका शासकहरु कुनै-कुनै बहानामा मौजुदा मुद्दाहरुलाई विषयान्तर गराउन नयाँ-नयाँ बखेडा खडा गरिरहेका हुन्छन्। प्रधानमन्त्री लाखौं जनता सडकमा उतार्छु भन्नु एउटा स्टन्ट मात्रै हो। आम जनताको मुद्दालाई विषयान्तर गरेर आफ्नो सत्तालाई लम्ब्याउन सकिन्छ कि षड्यन्त्र हो। हिजो जसरी शासकहरुले 'डिभाइड एण्ड रुल'को नीति प्रयोग गर्थे, वर्तमान शासकहरु 'डाइभर्ट एण्ड रुल' नीति प्रयोग गरेर आफ्नो शासन सत्तालाई लम्ब्याउने दिवा सपना देखिरहेका छन्। तर आम जनताहरु अब सचेत हुँदैछन्। उहाँहरु जसरी आफ्नो शासनसत्तालाई रक्षाका लागि आम जनतालाई दिग्भ्रमित पार्दै हुनुहुन्छ, हामीले त्यहीं हतियारमार्फत् आम जनतालाई सुसूचित गर्ने, सचेत गर्ने, संगठित गर्ने र गोलबन्ध भएर निर्णायक संघर्ष गर्न नियोजितरुपमा हामी अगाडि बढिरहेका छौं। हाम्रो लडाइ आम जनताको हकहित रक्षाका लागि हुनेछ भने शासकवर्गले आफ्नो शासनसत्ता रक्षाका लागि गर्दैछन्। यी दुईटाको लडाइमा जहिले पनि आम जनताकै भएको छ।

**० आम जनता पार्टीले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिँदैछ भन्ने चर्चा पनि चलेको थियो नि ?**

– हाम्रो केन्द्रीय समितिको बैठकमा प्रचण्ड सरकारलाई दिएको समर्थन हामीले फिर्ता लिनुपर्छ भन्ने दबाब आएको थियो। एक पक्षले अहिले तत्कालै यो मौजुदा व्यवस्थामा र अर्को कुनै विकल्प नरहेकोले हाम्रो संसदीय संख्याले कुनै प्रभाव पर्ने स्थिति नरहँदासम्म समर्थन फिर्ता लिनु हुँदैन भन्ने आवाज उठाएको थियो। अहिले तत्कालै कुनै नयाँ उन्नत विकल्प नदेखिएकोले पार्टीले यो विषयलाई अहिले पनि छलफलकै विषयको रुपमा राखेको छ। तर पार्टीभित्र अध्यक्षमाथि समर्थन फिर्ता लिनुपर्छ भन्ने दबाब बढाएको हो। यो बैठकमा दुईथरिको कुरा आउँदा निचोडमा पुगिसकेको छैन।

**० भनेपछि तत्काल आम जनता पार्टीले प्रचण्ड सरकारबाट समर्थन फिर्ता लिँदैन ?**

– अहिले हामी पर्ख र हेरको अवस्थामा छौं। सरकारको गुण र दोषको आधारमा समर्थन र विरोध गर्ने हाम्रो निष्कर्ष रहेको छ।

**० १७ वर्ष अघि भएको गौर हत्याकाण्डलाई तपाइँहरुले उचाल्नुभयो, सरकारसँग सम्झौता पनि भयो। तर, त्यो सम्झौता कार्यान्वयन नहुने सत्ता गठबन्धनले निर्णय गऱ्यो नि ?**

– हामीले उचालेको भन्दा पनि १७ वर्षदेखि अनवरत् न्यायको पर्खाईमा रहेका पीडितहरुले गरेको संघर्ष हो। ती पीडितहरु अनवरत् रुपमा विभिन्न सरकारहरुसँग भेट गर्दै आएका थिए। त्यसपछि प्रहरी प्रशासनहरुको अनुसन्धान अगाडि बढ्दै जाँदा पीडित पक्षहरु हौसिएका हुन्। नेपाल सरकार र प्रधानमन्त्री स्वयम्को निर्देशनमा गृह मन्त्रालयमार्फत् पाँचबुदे सहमति पनि भएको हो। पहिलो बुँदामै पीडितहरुलाई न्याय दिलाउने र अपराधीहरुलाई दण्डित गर्ने सहमति भएको छ। देशमा नेपाल सरकार कानूनको शासन र मानव अधिकारप्रति प्रतिबद्ध हो भने त्यसलाई पूर्णरुपमा कार्यान्वयन गर्नुहुन्छ भन्ने हामीले विश्वास लिएका छौं। तर, सम्झौताको मसी सुक्न नपाउँदै गठबन्धनकै हिस्सेदार एक जना नेताले मिडिया ब्रिफिङ्गमा जसरी अभिव्यक्ति दिनुभयो, त्यो आपत्तिजनक हो। राज्यले गरेको सम्झौताविपरीत बोल्न कसैलाई छुट छैन। अपराधीहरुलाई बचाउने चर्चाले हामीलाई आशंका भएको छ। यदि सरकारले कुनै पनि बहानामा पीडितहरुलाई दिलाउनबाट विमुख गरायो भने हामीले प्रतिरोध गर्छौं। पीडितहरुको न्यायका लागि आम जनता पार्टी अग्रभागमा रहेर सहयोग गर्न तत्पर रहन्छ।

# जसपाको प्रथम विधान अधिवेशनबाट पारित विधान–३

५. सहध्यक्षको काम, कर्तव्य र अधिकार
(क) पार्टीको दैनिक कार्य सञ्चालनमा अध्यक्षको काममा सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।
(ग) केन्द्रीय संयन्त्रहरूको कामहरूको समन्वय, निरीक्षण र अनुगमन गर्ने ।
(घ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) अध्यक्ष र सहअध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
(ख) अध्यक्ष र सहअध्यक्षको अनुपस्थितिमा तोकिएका उपाध्यक्षले अध्यक्षले गर्ने कार्य गर्ने ।
(ग) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका कार्य गर्ने ।
७. महासचिवको काम, कर्तव्य र अधिकार
(क) राष्ट्रिय महाधिवेशनबाट पारित नीति-निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयसमक्ष प्रस्तुत गर्ने ।
(ख) अध्यक्षको परामर्शमा केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयको बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने ।
(ग) आवश्यकताअनुसार केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने तथा राष्ट्रिय महाधिवेशनमा केन्द्रीय समितिको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।
(घ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयको बैठक सञ्चालन गर्ने र तिनका निर्णय कार्यान्वयन गर्ने/गराउने ।
(ङ) के न्द्रीय कार्यालय समितिको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।
(च) सङ् गठनात्मक कामको अनुगमन गर्ने, अभिलेख राख्ने, राख्न लगाउने ।
(छ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्य गर्ने ।
८. उपमहासचिवको काम, कर्तव्य र अधिकार
(क) महासचिवको काममा सहयोग गर्ने ।
(ख) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्यहरू गर्ने ।
(ग) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका कार्यहरू गर्ने ।
९. सचिवको काम, कर्तव्य र अधिकार
(क) महासचिव र उपमहासचिवको काममा सहयोग गर्ने ।
(ख) आफ्नो कार्यक्षेत्रमा पार्टी सङ् गठन बिस्तार तथा सुदृ ढीकरणको कार्य गर्ने ।
(ग) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
१०. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) केन्द्रीय कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने ।
(ख) केन्द्रीय कोषको निर्माण तथा व्यवस्थापनको योजना बनाउने र त्यसलाई केन्द्रीय समितिबाट पारित गराई लागू गर्ने ।
(ग) पार्टी कोषको सञ्चालन गर्ने ।
(घ) केन्द्रीय समितिले तोकेबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
(ङ) नियमानुसार लेखा परीक्षण गराउने ।
(च) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
११. केन्द्रीय सदस्यको काम, कर्तव्य र अधिकार
(क) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेको कार्य गर्ने ।
(ख) आफ्नो कार्यक्षेत्रमा केन्द्रीय समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।
(ग) पार्टीको नीति-निर्णयअनुरूप आफ्नो कार्यक्षेत्रमा पार्टीलाई सङ् गठित, बिस्तार, सुदृढ र एकताबद्ध बनाउने ।
ज्ञद्द। कार्यालय सचिवको काम, कर्तव्य र अधिकार
(क) केन्द्रीय कार्यालयको दैनिक प्रशासकिय कार्य सञ्चालन गर्ने ।
(ख) पार्टीको तर्फबाट पत्राचार गर्ने ।
(ग) पार्टी कार्यालयमा कार्यरत कर्मचारीहरूको कामको अनुगमन गर्ने ।
(घ) पार्टी सम्पत्तिको अभिलेख राख्ने र रेखदेख गर्ने ।
(ङ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
परिच्छेद - ७
केन्द्रीय निकाय
धारा - ३५ केन्द्रीय सल्लाहकार समिति
१. केन्द्रीय समितिले आवश्यकताअनुसार सल्लाह-सुझाव लिन केन्द्रीय सल्लाहकार समिति गठन गर्ने छ । केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय समितिप्रति उत्तरदायी रहने छ ।
२. सल्लाहकार समितिमा अध्यक्ष -१, उपाध्यक्ष - १, सचिव - १ र आवश्यकताअनुसार विभिन्न विषय विज्ञहरूसहित सदस्यहरूको मनोनयन गर्ने छ । यसको अध्यक्षको मर्यादा केन्द्रीय कार्यकारिणी समिती सदस्य र अन्य पदाधिकारीहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुने छ । अध्यक्षले केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा भाग लिने छ तर, निजलाई मताधिकार हुने छैन ।
३. केन्द्रीय सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।
(क) सङ् घीय परिषद अध्यक्षसँग परामर्श गरी सल्लाहकार समितिका अध्यक्षले बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।
(ख) आवश्यकताअनुसार पार्टीको नीति तथा योजना निर्माण कार्यमा केन्द्रीय समितिलाई सहयोग गर्ने ।
(ग) केन्द्रीय समितिलाई विभिन्न विषयहरूमा सल्लाह र सुझाव दिने ।
(घ) आफ्नो सम्पूर्ण कामको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने ।
(ङ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
धारा - ३६ केन्द्रीय अनुशासन आयोग
१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष - १, उपाध्यक्ष - १ र सचिव - १ समेत ९ (नौ) सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन गरिने छ ।
२. आयोगको अध्यक्षको मर्यादा केन्द्रीय कार्यकारिणी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुने छ । अध्यक्षले केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा भाग लिने छ, तर निजलाई मताधिकार हुने छैन ।
३. आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहने छ ।
४. आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय वा जनवर्गीय सङ्गठनमा सङ्गठित हुने छैनन् ।
५. आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) आयोगका अध्यक्षको परामर्शमा सचिवले बैठक बोलाउने र सञ्चालन गर्ने ।
(ख) पार्टी विधानविपरीत भए गरेका अनुशासन उल्लङ् घनका कार्यहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
(ग) केन्द्रीय समितिले गरेका अनुशासनात्मक कारवाही तथा प्रादेशिक अनुशासन आयोगको निर्णयउपर पुनरावेदन सु न्ने र त्यसबारे तथ्य प्रमाणको आधारमा निर्णय गरी सोको जानकारी सम्बन्धित व्यक्ति र समितिलाई



दिने ।
(घ) नैतिक आचरणका बारेमा उठेका प्रश्नहरूको छानबिन गर्ने ।
(ङ) पार्टी पदाधिकारीहरू र केन्द्रीय समितिका सदस्यहरूको सम्पत्ति विवरणको निजी फाइल राखी नियमितरूपमा प्राप्त सामग्रीको आधारमा अद्यावधिक गर्ने ।
(च) आफ्ना समितिका सदस्यहरू माथि अनुशासनको कारवाही गर्ने ।
(छ) आफ्ना समितिका सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।
(ज) आफ्ना काम कारवाहीको प्रतिवेदन राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।
(झ) जनप्रतिनिधि संस्था र लाभका पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, वहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र आवश्यकताअनुसार छानबिन गर्ने ।
(ञ) आयोगले आफ्नो कार्य-सम्पादन कार्यविधि र नियमावली आफैं बनाउने ।
धारा - ३७ केन्द्रीय लेखा परिक्षण आयोग
१. पार्टी केन्द्रीय समिति र जनवर्गीय सङ् गठनहरूको केन्द्रीय तहको आय-व्ययको लेखा परिक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।
२. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष - १, उपाध्यक्ष - १ र सचिव - १ समेत - ९ सदस्यीय केन्द्रीय लेखा परिक्षण आयोगको निर्वाचित हुने छ । आयोगको अध्यक्षको मर्यादा कार्यकारिणी समिति सदस्यसरह र अरूको केन्द्रीय सदस्यसरह हुने छ ।
३. आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुने छ ।
४. आयोगका पदाधिकारी र सदस्यहरू अन्य कुनै पार्टी समिति, निकाय र जनवर्गीय सङ्गठनमा सङ्गठित हुने छैनन् ।
५. आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) लेखा र आर्थिक व्यवस्थापनसम्बन्धी आवश्यक नीति नियम बनाई कार्यान्वयनका निम्ति केन्द्रीय समितिमा पेस गर्ने र आफ्नो कामको प्रतिवेदन आवधिकरूपमा केन्द्रीय समितिलाई जानकारी गराउने ।
(ख) केन्द्रीय सचिवालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ।
(ग) लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा सम्बन्धित समितिको बैठकमा उपस्थित हुन सक्ने,
(घ) आफ्नो कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
(ङ) आयोगका अध्यक्ष केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा पदेन सदस्यकोरूपमा भाग लिने ।
(च) आफ्नो कार्य-सम्पादन नियमावली, कार्यविधि बनाउने ।
(छ) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।
धारा - ३८ केन्द्रीय निर्वाचन आयोग
१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष -१, उपाध्यक्ष -१ र सचिव १ समेत ९ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचन हुने छ ।
२. आयोगको अध्यक्षको मर्यादा केन्द्रीय कार्यकारिणी समिति सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुने छ, अध्यक्षले केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा भाग लिने छ, तर निजलाई मताधिकार हुने छैन ।
३. आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुने छ ।
४. आयोगका पदाधिकारी र सदस्यहरू अन्य कुनै पार्टी समिति, निकाय र जनवर्गीय सङ्गठनमा सङ्गठित हुने छैनन् ।
५. आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) केन्द्रीय समिति र केन्द्रीय आयोगहरूको निर्वाचन गराउनका लागि राष्ट्रिय महाधिवेशनमा निर्वाचन समिति प्रस्ताव गर्ने ।
(ख) पार्टीको आन्तरिक निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गराउने र आफ्नो कामको प्रतिवेदन आवधिकरूपमा केन्द्रीय समितिलाई जानकारी गराउने ।
(ग) प्रदेश समिति र प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने ।
(घ) प्रदेश निर्वाचन आयोगले गराएका निर्वाचनको सम्बन्धमा उजुरी परेको खण्डमा पुनरावलोकन गर्ने ।
(ङ) पार्टीका जनवर्गीय सङ् गठनका केन्द्रीय पदाधिकारी र सदस्यहरूको निर्वाचन गराउने ।
(च) आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने ।
(छ) आफ्नो कार्यको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
(ज) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।
धारा - ३९ आयोगहरू स्वायत्त निकाय हुने
१. केन्द्र तथा प्रदेशमा रहने अनुशासन आयोग, लेखा परिक्षण आयोग र निर्वाचन आयोग स्वायत्त निकाय हुने छन् । यी आयोगहरूले विधानको अधिनमा रही आफ्नो कार्यसम्पादन नियमावली र कार्यविधि आफै बनाई स्वतन्त्र ढङ्गले काम गर्ने छ ।
२. आयोगका पदाधिकारी तथा सदस्यहरू पार्टीका अन्य सङ्गठन वा निकायमा सङ्गठित हुने छैनन् तर पार्टी काम विस्तारका लागि काम गर्न बाधा परेको मानिने छैन ।
३. आयोग आफैले आफ्ना पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारवाही र उनीहरूको राजीनामा स्वीकृत गर्ने छ । रिक्त पदमा पदपूर्ति गर्ने छन् ।
परिच्छेद - ८
प्रदेश समिति तथा प्रादेशिक संरचनाहरू
धारा - ४० पार्टीका प्रदेश तथा प्रादेशिक संरचनाहरू
पार्टीका प्रदेश तथा प्रादेशिक संरचनाहरू निम्नानुसार हुने छन् ।
१. प्रदेश अधिवेशन
२ प्रदेश समिति र प्रदेश कार्यकारिणी समिति
३ प्रदेश सल्लाहकार समिति तथा प्रादेशिक आयोगहरू
४ पहिचानमा आधारित प्रादेशिक संरचनाहरूको अधिवेशन
५. राष्ट्रिय समिति र राष्ट्रिय कार्यकारिणी समिति
धारा - ४१ प्रदेश अधिवेशन
१. प्रदेश अधिवेशन प्रदेश तहको सर्वोच्च निकाय हुने छ । यसको आयोजना प्रदेश समितिद्वारा सामान्यत हरेक ४ बर्षमा आयोजना गरिने छ ।
२. प्रदेश अधिवेशनमा समितिगत र सङ्गठित पार्टी सदस्यताको अनुपातमा प्रदेश निर्वाचन क्षेत्रबाट देहायबमोजिम प्रतिनिधित्व हुने छ ।
(क) प्रदेशमा रहेका सङ् गठित पार्टी सदस्य सङ् ख्याको अनुपातमा प्रदेश समितिले तोकेबमोजिम प्रदेश सभा निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश अधिवेशनको प्रतिनिधिहरू, सम्बन्धित प्रदेशभित्रका पहिचानमा आधारित राष्ट्रिय समिति, प्रादेशिक निकाय, जिल्ला समिति र विशेष संरचना समितिबाट निर्वाचित प्रतिनिधिहरू तथा प्रदेश स्तरीय जनवर्गीय सङ्गठनका सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू ।
(ख) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ् ने गरी समानुपातिक समावेशीको प्रयोजनार्थ प्रदेश समितिबाट मनोनित प्रतिनिधिहरू ।
(ग) प्रदेश समितिका पदाधिकारी र सदस्यहरू प्रदेश अधिवेशनको आयोजक हुने छन् । तर अधिवेशनमा प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ ।
धारा - ४२ प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार
प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।
१. प्रदेश अधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने ।
२. प्रदेश समितिको तर्फबाट प्रस्तुत राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
३. प्रदेश सल्लाहकार समिति तथा आयोगहरूको प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
४. प्रदेश अधिवेशन सञ्चालन प्रक्रिया तय गर्ने ।
५. प्रदेश आयोग/निकायहरूका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने ।
६. प्रदेश समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने ।
धारा - ४३ प्रदेश समिति
१. प्रदेश समिति दुई अधिवेशनबिचको पार्टीको मुख्य कार्यकारी संस्था हुने छ । यस समितिले मूलत: राजनीतिक, प्रशासनिक तथा निर्वाचनसँग सम्बन्धित कार्यहरू गर्ने छ ।
२. प्रदेश समिति प्रदेश अधिवेशन र केन्द्रीय समितिप्रति उत्तरदायी हुने छ ।
३. प्रदेश अधिवेशनले अध्यक्ष - १, उपाध्यक्ष - ३, मु ख्यसचिव - १, सचिव - ३, कोषाध्यक्ष - १ समेत बढीमा ५१ जना सम्म सदस्यहरू निर्वाचित गर्ने छ । प्रादेशिक निकाय, राष्ट्रिय समितिका अध्यक्षहरू र प्रदेश संसदीय दलका नेता प्रदेश समितिका पदेन सदस्य हुने छन् । मधेस प्रदेश र कर्णाली प्रदेशको हकमा जिल्ला समितिका निर्वाचित अध्यक्षहरू पदेन सदस्य हुने छन् ।
४. प्रदेश समितिमा कम्तीमा एक तिहाई महिलासहित प्रदेशको जातीय/सामुदायिक विविधता झल्कने गरी समावेशीकरण गरिने छ ।
५. प्रदेश अधिवेशनद्वारा समानुपातिक समावेशी हुने गरी जातीय/सामाजिक समूहरू (Social Cluster) बाट ६० प्रतिशत र खुला प्रतिष्पर्धाबाट ४० प्रतिशत निर्वाचित हुनेगरी प्रदेश समितिले सङ्ख्या निर्धारण गरी निर्वाचन गराइने छ ।
६. प्रदेशको पदाधिकारी र प्रदेश समितिबाट निर्वाचित ८ जना सदस्यसहित प्रदेश कार्यकारिणी समिति गठन गरिने छ । प्रदेश समितिका अध्यक्षसहित बढीमा सात सदस्यीय प्रदेश सचिवालय र प्रदेश समितिका मुख्य सचिवसहित ५ सदस्यीय प्रदेश कार्यालय समिति गठन गरिने छ ।
७. प्रदेश अधिवेशनबाट नयाँ प्रदेश समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो प्रदेश समिति स्वत: विघटन हुने छ ।
धारा - ४४ प्रदेश समितिको काम काम, कर्तव्य र अधिकार प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।
१. प्रदेशभित्र पार्टी कामको नेतृत्व गर्ने, राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन र केन्द्रीय समितिले गरेका निर्णयहरू, निर्देशन कार्यान्यन गर्ने र गराउने, राजनीतिक र सङ् गठनात्मक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।
२. प्रदेश कार्यकारिणी समिति र आवश्यकताअनुसार प्रदेश सचिवालय गठन गर्ने ।
३. प्रदेशभित्रका राष्ट्रिय समितिहरूको परिचालन गर्ने । मधेस प्रदेश र कर्णाली प्रदेशको हकमा जिल्ला समितिहरूको परिचालनलगायत राष्ट्रिय समितिहरूले गर्ने सम्पूर्ण कार्यहरू प्रदेश समितिले नै गर्ने । राष्ट्रिय समिति गठन नभएको अवस्थामा प्रदेश समितिलाई आफ्नो काम गर्न यसले वाधा गर्ने छैन ।
४. राष्ट्रिय समितिहरूबाट प्राप्त सङ् गठित पार्टी सदस्यहरूको सदस्यताको सिफारिशका आधारमा सङ्गठित पार्टी सदस्यसम्बन्धी निर्णय गर्ने र आवश्यकता परे मातहत समितिको सङ् गठित पार्टी सदस्यता प्रदान गर्ने सिफारिस अध्ययन गरी योग्यता, विधि र प्रक्रिया पूरा गरेको नगरेको जाँच गरी निर्णय दिने ।
५. राष्ट्र र जनताको हित रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार जनसङ्घर्ष, आन्दोलन र जनपरिचालनलगायत अन्य कार्यक्रम सञ्चालन गर्ने, गराउने ।
६. प्रदेश अधिवेशन र प्रदेश समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने र मातहतका समितिहरूलाई अन्तरपार्टी परिपत्र जारी गर्ने ।
७. प्रदेश अधिवेशनमा राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र सङ्गठनात्मक प्रतिवेदन तथा प्रस्तावहरू प्रस्तुत गर्ने ।
८. प्रदेश सल्लाहकार समिति र प्रादेशिक आयोगहरू गठन गर्ने ।
९. प्रदेश स्तरीय सङ् गठन विभाग, प्रशिक्षण विभाग, आर्थिक विभागलगायत आवश्यकताअनुसार अन्य विभागहरू र संयन्त्र गठन गर्ने ।
१०. आवश्यकता अनुसार, काम, कर्तव्य र अधिकार तोकी यस विधानमा व्यवस्था गरिएका बाहेकका विभिन्न समिति, उपसमिति, कार्यदल आदि गठन गर्ने गराउने ।
११. समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने, गराउने ।
१२. प्रदेश समितिका सदस्यहरूको वरियता तोक्ने र कार्यविभाजन गर्ने ।
१३ आफ्नो मातहतका जनवर्गीय सङ् गठनहरूलाई वैचारिक तथा राजनीतिक नेतृत्व प्रदान गर्ने ।
१४. पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने । अनुशासन र आचारसंहिता पालना भएको, नभएको अनुगमन र निरिक्षण गर्ने, यसप्रति मातहतका समितिहरूलाई सचेत गराउने र आवश्यक परे विधानबमोजिम सम्बन्धित समितिमार्फत कारवाही गर्न प्रक्रिया थाल्ने ।
१५. आफ्नो समितिका पदाधिकारी र

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### '२०८४ मा एमाले एक्लैले बहमुतको सरकार बनाउने'

रुपन्देही । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले २०८४ को निर्वाचनबाट एमालेले एक्लैको बहुमतको सरकार बनाउने दाबी गरेका छन् । एमाले लुम्बिनी प्रदेशको प्रथम अधिवेशनको बुटवलमा उदघाटनसत्रमा सम्बोधन गर्दै उनले यस्तो दाबी गरेका हुन् । एमाले सम्मृद्ध नेपाल सुखी नेपालीको नारा पूरा गर्न पार्टीलाई सशक्त रुपमा अघि बढाउने उनले बताए । आगामी निर्वाचन २०८४ पछि एमाले एक्लै बहुमतको सरकार बनाएर जनताको आकांक्षा पूरा गर्ने उनको भनाइ थियो । एमालेले मिसन २०८४ को अभियान सुरु गरेको बताउँदै उनले भने, "अबको अभियानको उद्देश्य घर-घरमा पार्टी सदस्य बनाउने र संगठन बिस्तार गर्दै एमालेको एक्लैको बहुमतको सरकार बनाउने वातावरण तयार गर्नुपर्छ ।" एमाले काचो माटोको डल्लो नभएको चर्चा गर्दै उनले थपे, "देश बनाउने महान उद्देश्य बोकेको पार्टी एमालेबाट विगतमा बाटो बिराएर अन्यत्र गएकाहरुलाई फेरि फर्केर मूल घरमा आउन आग्रह गर्दछु ।" उनले एमाले भ्रष्टाचार गर्न सरकारमा जाने पार्टी नभएको बताए । एमालेको सदस्यता घट्यो भनेर हल्ला बिपक्षीहरुले चलाएको भन्दै उनले त्यस्तो अवस्था एमालेको नरहेको प्रष्ट पारे ।

### एमाले लुम्बिनी प्रदेश अध्यक्षमा कँडेल निर्वाचित

रुपन्देही । नेकपा (एमाले) लुम्बिनी प्रदेशको अध्यक्षमा राधाकृष्ण कँडेल निर्वाचित भएका छन् । कँडेलले एमाले केन्द्रीय सदस्य प्युठानका हरि रिजाललाई दुई मतान्तरले पछि पार्दै विजयी भएका हुन् । कँडेलले ४७९ मत प्राप्त गरी विजयी भएका हुन् भने रिजालले ४७७ मत प्राप्त गरेका थिए । त्यसैगरी उपाध्यक्षमा रुपन्देहीका भोजप्रसाद श्रेष्ठ ४५५ मत ल्याएर विजयी भए । उनीसँगै रुपन्देहीका विश्वराज बरालले ३०६, बाँकेका पुजन विश्वकर्माले ९८, रुकुमका शान्तकुमार वलीले ५६ मत ल्याएका थिए । उपसचिव खुलामा पूर्ण बुढामगर ४१८ मत ल्याएर निर्वाचित भए । महिला उपसचिवमा लिला रानामगर ३५२ मत ल्याएर विजयी भएका छन् । यस्तै लेखा समिति अध्यक्षमा दामोदर घिमिरे विजयी भएका छन् । पदाधिकारीमा सचिव लक्ष्मण आचार्यसहित भूगोलतर्फ १२ मध्ये ८ जिल्लाका सदस्य निर्विरोध निर्वाचित भएका थिए ।

### कोशीका मुख्यमन्त्री पदमुक्त

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापा पदमुक्त भएका छन् । बिहीबार सर्वोच्च अदालतले उनलाई पदमुक्त गर्दै ४८ घण्टाभित्र नयाँ सरकार बनाउन प्रदेश प्रमुखलाई सर्वोच्च अदालतले परमादेश दिएको छ । बिहीबार सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल, डा. कुमार चुँडाल र नहकुल सुवेदीको पूर्ण इजलासले कोशी प्रदेश सभाको ठुलो दल नेकपा (एमाले) का संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई नयाँ मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएको हो । साउन १६ गते मुख्यमन्त्री नियुक्त भएका थापाले प्रदेश सभा बैठकको अध्यक्षता गरेका इस्राइल अन्सारीको मतसहित भदौ ४ गते प्रदेश सभाबाट विश्वासको मत लिएका थिए । सभाध्यक्षको मतसहित विश्वासको मत लिएको भन्दै सर्वोच्च अदालतले उहाँलाई पदमुक्त गरेको हो ।

### हत्या अभियोगमा प्रदेशसभा सदस्य पक्राउ

सप्तरी । सप्तरी निर्वाचन क्षेत्र नं. ४ (ख) बाट प्रदेश सभा सदस्य पदमा निर्वाचित स्वतन्त्र सांसद अनिरुद्ध कुमार सिंह यादव हत्या अभियोगमा पक्राउ परेका छन् । सिंहलाई सदरमुकाम राजविराजबाट पक्राउ गरिएको हो। ०६४ सालमा भएको एउटा हत्या घट्नामा प्रहरीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । उनी फरार को सूचिमा थिए । सिंहको निर्देशनमा खोक्सरप्रवाहा गाविस-१ का ३२ वर्षीय दिपु भन्ने गोविन्द चौधरीको हत्या गरेको आरोप थियो । तत्कालीन बोदे बर्साइन गाविस-४ बाट वि.सं.२०६४ असार ९ गते अपहरण गरी सोही दिन नेङ्गडा गाविस-५ वैरिया टोलमा पुऱ्याई पाँचवटा गोली हानी उनको हत्या गरिएको थियो । उक्त विषयमा जाहेरी परेपछि अदालतमा बयान दिन समेत नगई यादव फरार भएका थिए । अदालतमा हाजिर हुन म्याद जारी भए पनि हाजिर नभएर कसुर स्वीकार गरेको अदालतले जनाएको छ ।

### मुस्लिम संघ कपिलवस्तुमा आलम

कपिलवस्तु । नेपाली कांग्रेसको भातृ संगठन नेपाल मुस्लिम संघ कपिलवस्तुको सभापतिमा अफताब आलम चयन भएका छन् । नेपाल मुस्लिम संघको तेस्रो जिल्ला अधिवेशनले आलमको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको छ । नेपाल मुस्लिम संघका पुर्व अध्यक्ष असअद कमालको कोभिड १९ का कारण मृत्यु भएपछि जिल्ला समिति गठन हुन सकेको थिएन । त्यस्तै उपसभापती पदमा करम हुसेन, अब्दुल सलिम, सचिव मोह्मद मुस्ताफ, सहसचिव सरिफ मुसलमान, कोषाध्यक्ष मुक्तार अह्मद खाँ, सदस्यहरुमा तहिरा खाँ, नुर मोह्मद खाँ, समि मोहम्मद, अब्दुल मजिद, जमसेद खाँ, नसरुदिन खाँ चयन भएका छन् । अन्य पदाधिकारी र सदस्यहरुलाई पछी मनोनयन गरिने नव नियुक्त अध्यक्ष अफताब आलमले जानकारी दिए ।अधिवेशनले महाधिवेशन प्रतिनिधी समेत चयन गरेको छ । महाधिवेशन प्रतिनिधीमा अब्दुल करिम, जमसेर खाँ, मोहबत अली खाँ, रहेका छन् ।

### मानव बेचबिखन विरुद्धको १७औ दिवस मनाइयो

नेपालगन्ज । मानव बेचबिखन विरुद्धको १७औ दिवसका अवसरमा बुधबार देशैभर विभिन्न कार्यक्रम गरि यो दिवस मनाइएको छ । यसैगरी बाँके जिल्लाको कोहलपुर नगरपालिकाकामा पनि विभिन्न कार्यक्रम सहित मानव बेचबिखन नियन्त्रणका लागि कोहलपुर क्षेत्रका सरकारी तथा गैरसरकारी संस्थामा आबद्ध व्यक्तिहरूको उपस्थितिमा कार्यक्रम मनाइएको हो । मानव बेचबिखन विरुद्धको १७औ दिवस कोहलपुर नगरपालिका महिला बालबालिका तथा समावेशीकरण उप(शाखाको आयोजनामा बाँके जिल्लालाई कार्यक्षेत्र बनाएर मानव बेचबिखन विरुद्ध काम गर्ने विभिन्न संघसस्थाको उपस्थितिमा र विद्यालयका भाइबहिनीको सहभागितामा ऱ्याली सडक नाटक सहित विभिन्न कार्यक्रम गरेर यो दिवस मनाइएको हो । पछिल्लो समय वैदेशिक रोजगारी शैक्षिक परामर्श अन्तरदेशीय विवाह लगायत विभिन्न बहानामा नेपालीहरू बेचिँदै आएका छन् । नेपालमा नयाँ शैली र मार्ग प्रयोग गरेर मानव बेचबिखन र ओसारपसार भइरहेको छ कतिपय अवस्थामा जान्ने बुझ्ने हुँदाहुँदै पनि ट्र्यापमा परेर मानव बेचबिखनमा परेको अवस्था आउने गरेको छ।

### सभ्य समाजको आधार शिक्षा : मेयर साह

रौतहट । गौर नगरपालिकाका प्रमुख शम्भु साहले सभ्य समाजको मुलभूत आधार शिक्षा नै रहेका बताएका छन् । प्रमुख साहले यसको विकासका लागि आफू प्रतिबद्ध रहेको बताएका छन् । गौर नगरपालिका-७ स्थित सरस्वती माध्यमिक विद्यालयको सुविधा सम्पन्न नवनिर्मित चार कोठे भवनको उदघाटन गर्दै उनले शिक्षाको विकासबिना मानव सभ्यताको विकासको परिकल्पना सम्भव नरहेको बताए । प्रमुख साहले आफू निर्वाचित भई पदभार ग्रहण गर्ने बितिकै नगरस्थित सरकारी तथा गैरसरकारी विद्यालयहरूको स्थलगत अनुगमन तथा निरीक्षण गरेको बताउँदै शिक्षा क्षेत्रमा रहेका समस्या तथा अवरोधलाई समाधान गरी शिक्षा जगतको समुचित विकास तथा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि निरन्तर लागि परेको धारणा राखे । शिक्षा क्षेत्रलाई आफूले पहिलो प्राथमिकताको सूचीमा राखेर अगाडि बढेको धारणा राख्दै उहाँले गौर नगरपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रूपमा परिणत गर्ने आफ्नो योजना रहेको स्पष्ट पारे । शिक्षाको विकास तथा गुणस्तर शिक्षाका लागि गौर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयका लागि बजेटमा प्राथमिकतासँगै, अनुगमन तथा निरीक्षण, भौतिक संरचना निर्माण एवं मर्मत, शैक्षिक महोत्सव, अतिरिक्त क्रियाकलाप, खेलकुदलगायत विभिन्न खाले शैक्षिक गतिविधि सञ्चालन गरेको उनले जानकारी दिए ।

### घुम्ती शिविर प्रभावकारी बन्दै

रुपन्देही । जिल्लाको कञ्चन गाउँपालिकाले १० दिने घुम्ती शिविरबाट ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिरहेको छ । सहज रूपमा सेवा पाएपछि ज्येष्ठ नागरिक खुसी भएका छन् । गाउँघरबाटै जनतालाई सेवा पु-याउने उद्देश्यले आयोजना गरिएको घुम्ती शिविर प्रभावकारी देखिएको छ । खास गरी ज्येष्ठ नागरिकले वृद्ध भत्ता नवीकरण गर्ने समय घर्किंदै गएका बेला आयोजना गरिएको घुम्ती शिविरले ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र बनाउनसमेत सहज भएको छ । पालिकाले १० दिन आयोजना गरेको घुम्ती शिविरबाट एक हजार चार सयभन्दा बढी सेवाग्राहीले घरबाटै सेवा लिएका छन् । शिविरबाट नौ लाख ३९ हजार ५६४ रुपियाँ राजस्वसमेत सङ्कलन भएको जनाइएको छ । घुम्ती शिविरमा ज्येष्ठ नागरिक परिचयपत्रका साथै व्यवसाय दर्ता, कर तिर्ने तथा सङ्घ संस्थाको दर्ता नवीकरण गर्ने व्यवस्था गरिएको थियो । पालिकामा गएर कर तिर्नुपर्ने झन्झट अन्त्य गर्ने तथा सङ्घ संस्था नवीकरण गर्न पालिकामै जानुपर्ने बाध्यता हटेको छ ।

# जसपाको...

सदस्यहरूमाथि विधानअनुसार अनुशासनको कारवाही गर्ने ।
१६. अनुशासनात्मक कारवाहीमा परी राष्ट्रिय समिति विघटन भएमा वा कार्यकाल समाप्त भएमा वा अधिवेशन समयभित्र सम्पन्न नगरेमा वा क्रियाशील नरहेमा वा कुनै कारणवश विघटन भएमा, तदर्थ समिति गठन गर्ने ।
१७. आफ्नो समितिका पदाधिकारी र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।
१८. राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी प्रदेश समितिका कुनै सदस्यको पदरिक्त भएमा अर्को निर्वाचन नभएसम्मका लागि पदपूर्ति गर्ने ।
१९. तोकिएबमोजिम पार्टी कोषको सञ्चालन गर्ने ।
२०. प्रशासनिक कामहरू तथा निर्वाचनसँग सम्बन्धित सबै कार्यहरू गर्ने ।
२१. धारा ९६ को उपधारा (३ र ५) बमोजिम निर्वाचनका लागि मातहत निकायबाट प्राप्त रायसहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिश र निर्णय गर्ने ।
२२. सङ्घीय संसद (प्रतिनिधि सभा), प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा प्रदेशभित्रका पार्टीका सबै समितिहरू र निकायहरूलाई परिचालन गर्ने, समन्वय गर्ने र आवश्यकताअनुसार निर्देशन दिने ।
२३. प्रदेश अधिवेशनद्वारा स्वीकृत कार्यक्रम, निर्णय र घोषणा पार्टीको प्रदेश सभा संसदीय दललाई उपलब्ध गराउने तथा प्रदेश सभा संसदीय दलको प्रतिवेदन प्रदेश समिति र प्रदेश अधिवेशनमा प्रस्तुत गर्ने ।
२४. प्रदेश सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा केन्द्रसँग समन्वय गरी नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा केन्द्रको स्वीकृतिमा प्रदेश सरकारमा जाने मन्त्रीको मापदण्ड तयार गर्ने, प्रदेश सरकार र मन्त्रीहरूको कामको अनुगमन गर्ने र केन्द्रीय समितिलाई जानकारी गराउने, केन्द्रको स्वीकृति लिई मन्त्रीमण्डलमा हेरफेर गर्न दलको नेतालाई सल्लाह दिने ।
२५. पार्टीको विधान, नियमावली, निर्देशिका तथा प्रचलित कानूनमा प्रदेश समितिले गर्ने भनिएको कार्य गर्ने ।

धारा - ४५ प्रदेश कार्यकारिणी समिति को काम, कर्तव्य र अधिकार
प्रदेश समितिको बैठक नबसेको बेला प्रदेशले तत्काल कार्यसम्पादन गर्नुपर्ने विषयमा निर्णय गर्न प्रदेश कार्यकारिणी समिति गठन हुने छ । यस समितिमा प्रदेश पदाधिकिारीहरूका साथै प्रदेश सल्लाहकार समिति र आयोगका अध्यक्षहरू तथा राष्ट्रिय समितिका अध्यक्षहरू पदेन रहने छन् । प्रदेश कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार यसप्रकार छन् ।
१. प्रदेश समितिको बैठक नबसेको अवस्थामा प्रदेश समितिका निम्ति तोकिएका अधिकार प्रयोग गर्ने र कर्तव्य पालना गर्ने ।
२. प्रदेश समितिप्रति उत्तरदायी रही आवश्यक निर्णयहरू गर्ने ।
३. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका लागि प्रदेश समितिको बैठकमा प्रस्तुत गर्ने ।
४. प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

धारा - ४६ प्रदेश सचिवालयको काम, कर्तव्य र अधिकार
१. प्रदेश समिति र प्रदेश कार्यकारिणी समितिको बैठकबिचको अवधिमा तत्काल गर्नुपर्ने राजनीतिक तथा सङ्गठनात्मक निर्णय गर्ने ।
२. आफूले गरेका आवश्यक निर्णय र कार्यहरू अनुमोदनका निम्ति कार्यकारिणी समितिको बैठकमा प्रस्तुत गर्ने ।
३. प्रदेश समिति र प्रदेश कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

धारा - ४७ प्रदेश समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार
प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन :
१. अध्यक्षको काम, कर्तव्य र अधिकार
(क) आफ्नो कार्यक्षेत्रको पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने, आफ्नो समितिको बैठक बोलाउन निर्देशन दिने ।
(ख) माथिल्लो समिति, आफ्नो तहको अधिवेशन र आफ्नो समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।
(ग) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयको बैठकको अध्यक्षता गर्ने ।
(घ) प्रदेश अधिवेशन र प्रदेश समितिको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(ङ) आय-व्ययको लेखा राख्न लगाउने, पार्टी सदस्य दर्ता किताव राख्न लगाउने ।
(च) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने ।
(ग) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।
३. मुख्यसचिवको काम, कर्तव्य र अधिकार
(क) माथिल्लो समिति र प्रदेश अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र आफ्नो प्रदेश समिति,समक्ष प्रस्तुत गर्ने ।
(ख) प्रदेश समितिको कार्यालय सञ्चालन गर्ने ।
(ग) प्रदेशको क्षेत्राधिकारभित्रको सङ्गठनात्मक कार्यको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने ।
(घ) अध्यक्षको परामर्शमा प्रदेश समितिका बैठकको कार्यसूची तयार गर्ने र बोलाउने ।
(ङ) प्रदेशको अधिवेशन र समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने ।
(च) प्रदेश समितिको बैठक सञ्चालन गर्ने ।
(छ) प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।
४. सचिवको काम, कर्तव्य र अधिकार
(क) मुख्यसचिवको काममा आवश्यक सहयोग गर्ने ।
(ख) मुख्यसचिवको अनुपस्थितिमा मुख्यसचिवले गर्ने कार्यहरू गर्ने ।
(ग) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) प्रदेश समितिको कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने ।
(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, त्यसलाई प्रदेश समितिबाट पारित गरी लागु गर्ने ।
(ग) पार्टी कोषको सञ्चालन गर्ने ।
(घ) आय-स्रोतहरूको सङ्कलन, परिचालन विस्तारका साथै प्रदेश समितिले तोकेबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
(ङ) नियमानुसार लेखा परिक्षण गराउने ।
(च) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
६. सदस्यको काम, कर्तव्य र अधिकार
(क) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेका कार्यहरू गर्ने ।
(ख) आफ्नो जिम्मेवारी कार्यक्षेत्रमा प्रदेश समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।
(ग) आफ्नो कार्यक्षेत्रमा माथिल्ला समितिहरू र प्रदेश समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकतावद्ध बनाउने ।

परिच्छेद - ९
प्रादेशिक निकाय

धारा - ४८ प्रदेश सल्लाहकार समिति
१. प्रदेश समितिले आवश्यकताअनुसार राय, सल्लाह र सुझाव लिन विभिन्न विषयका विज्ञहरूसहितको प्रदेश सल्लाहकार समिति गठन गर्ने छ । प्रदेश सल्लाहकार समिति प्रदेश समितिप्रति उत्तरदायी रहने छ ।
२. प्रदेश सल्लाहकार समितिमा अध्यक्ष - १, उपाध्यक्ष -१, सचिव -१ र २५ जना सम्म सदस्यहरू रहने गरी मनोनयन प्रदेश समितिले गर्ने छ । यसको अध्यक्षको मर्यादा प्रदेश कार्यकारिणी समिति सदस्य र अन्य पदाधिकारीको मर्यादा प्रदेश समिति सदस्यसरह हुने छ । प्रदेश अध्यक्षले प्रदेश समिति र प्रदेश कार्यकारिणी समितिको बैठकमा भाग लिन सक्ने छ । तर, निजलाई मताधिकार हुने छैन ।

धारा - ४९ प्रदेश सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार
१. प्रदेश अध्यक्षसँग परामर्श गरी सल्लाहकार समितिको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।
२. आवश्यकताअनुसार प्रदेश समितिलाई विभिन्न विषयहरूमा राय, सुझाव र सल्लाह दिने ।
३. प्रदेश समितिले तोकेको अन्य कार्यहरू गर्ने ।
४. आफ्नो सम्पूर्ण कामको प्रतिवेदन प्रदेश अधिवेशनमा प्रस्तुत गर्ने ।

धारा - ५० प्रदेश आयोगहरू
१. प्रदेशहरूमा अधिवेशनबाट निर्वाचित अनुशासन आयोग, लेखा परिक्षण आयोग र निर्वाचन आयोग रहने छन् । प्रदेश आयोगहरू प्रदेश अधिवेशनप्रति उतरदायी हुने छन् ।
२. प्रदेश आयोग अध्यक्ष, उपाध्यक्ष र सचिवसहित ९ सदस्यीय हुने छन् ।
३. प्रदेश आयोगका अध्यक्षहरूको मर्यादा प्रदेश कार्यकारिणी समिति सदस्यसरह र अन्य पदाधिकारी एवम् सदस्यहरूको मर्यादा प्रदेश समिति सदस्यसरह हुने छ ।
४. प्रदेश आयोगहरूले आफ्नो कामको प्रतिवेदन आवधिकरूपमा प्रदेश समितिलाई जानकारी दिनुपर्ने छ ।

धारा - ५१ प्रदेश अनुशासन आयोगको काम, कर्तव्य र अधिकार
१. प्रदेश समितिको पदाधिकारी र सदस्यहरूलगायत प्रदेशअन्तर्गतका राष्ट्रिय समिति, जिल्ला समिति, पालिकालगायतका समितिहरू वा अन्य कुनै समिति र सदस्यहरूले गरेको अनुशासनात्मक कार्यवाहीबाट चित्त नबुझि दिएको पुनरावेदन ग्रहण गरी आवश्यक छानबिन एवम् जाँचबुझ गरी फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि निर्देशन दिने ।
२. आयोगद्वारा विचाराधिन मुद्दाको सन्दर्भमा अनुसन्धान गर्न पार्टीका विभिन्न समितिका बैठकहरूमा उपस्थित हुन सक्ने ।
३. आफ्नो प्रदेशभित्रका तोकिएका समिति सदस्यहरू र पार्टीको तर्फबाट जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानबिन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने ।
४. अनुशासनको कारवाही सम्बन्धित निर्णय र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित समितिलाई र सबै किसिमका निर्णयहरूको जानकारी प्रदेश समितिलाई दिने ।
५. आफ्नो कामको प्रतिवेदन प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
६. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

धारा - ५२ प्रदेश लेखा परिक्षण आयोगको काम, कर्तव्य र अधिकार
१. प्रदेश र प्रदेशअन्तर्गतका पार्टी सङ्गठन तथा प्रदेश स्तरीय जनवर्गीय सङ्गठनहरूका आय-व्ययको लेखा परिक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि प्रदेश समितिमा प्रस्तुत गर्ने ।
२. प्रदेश समितिसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ।
३. लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा सम्बन्धित समितिका बैठकमा उपस्थित हुन सक्ने ।
४. आफ्नो कामको प्रतिवेदन प्रदेश अधिवेशन समक्ष प्रस्तुत गर्ने ।
५. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका कार्यहरू गर्ने ।

धारा - ५३ प्रदेश निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार
१. प्रदेश र राष्ट्रिय समिति तथा सोअन्तर्गतका पार्टी समिति र जनवर्गीय सङ्गठनका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने ।
२. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने ।
३. आफना कामको प्रतिवेदन प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
४. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

परिच्छेद - १०
पहिचानमा आधारित प्र ादेशिक संरचना

धारा - ५४ पहिचानमा आधारित प्रादेशिक संरचना
१. पहिचानमा आधारित प्रादेशिक संरचनाको रूपमा पार्टीमा राष्ट्रिय समितिहरू हुने छन् । यस समितिले मूलतः राजनीतिक तथा पहिचानको आन्दोलनसँग सम्बन्धित कार्यहरू गर्ने छ ।
२. पहिचानमा आधारित प्रादेशिक संरचनाहरू लिम्बुवान, किरात, मधेस, शेर्पालुङ, नेवाः, ताम्सालिङ, तमुवान, मगरात, थरुहट, खसान र शिल्पी/दलित विशेष समिति हुने छन् ।
३. राष्ट्रिय समितिअन्तर्गतका जिल्लाहरू अनुसूची १२ मा उल्ले ख भएबमोजिम हुने छन् । यसका साथै अर्को राष्ट्रिय समितिमा परेका सीमा जोडिएका जिल्लाका पालिका अध्यक्ष/प्रतिनिधिहरू जातीय/सामुदायिक बाहुल्यताको आधारमा सम्बन्धित राष्ट्रिय समितिको काममा सहभागी हुन सक्ने छन् । यससम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुने छ ।

धारा - ५५ राष्ट्रिय समितिको अधिवेशन
१. राष्ट्रिय समितिको अधिवेशन प्रत्येक ४ वर्षमा हुने छ । राष्ट्रिय समितिका पदाधिकारीहरू अधिवेशनबाट चुनिने छन् । अधिवेशनमा पहिचानमा आधारित राष्ट्रिय समितिभित्रका सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा समितिले तोकेबमोजिम प्रत्येक पालिकाबाट निर्वाचित प्रतिनिधिहरू, जिल्ला समिति र विशेष संरचना समितिका समितिगत प्रतिनिधिहरू तथा सम्बन्धित तहका जनवर्गीय सङ्गठनका सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू ।
२. निर्वाचित प्रतिनिधिको पांच प्रतिशतमा नबढ्ने गरी समानुपातिक समावेशीको प्रयोजनार्थ राष्ट्रिय समितिबाट मनोनित प्रतिनिधिहरू ।
३. राष्ट्रिय समितिका पदाधिकारी र सदस्यहरू अधिवेशनको आयोजक हुने छन् । तर अधिवेशनमा प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ ।
४. अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-३, मुख्यसचिव- १, सचिव-३, कोषाध्यक्ष-१ सहित ३९ सदस्य निर्वाचित गर्ने छ ।
५. पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्दा ३ जना निर्वाचित हुने पदहरूमा अनिवार्य रूपमा १ जना महिलासहित विभिन्न सामाजिक समूहहरूको समावेशी हुनुपर्ने छ ।
६. पहिचानमा आधारित राष्ट्रिय समितिहरूमा जिल्ला समितिका अध्यक्षहरू, विशेष जिल्ला समितिका अध्यक्षहरू, सम्बन्धित राष्ट्रिय समितिभित्रका विशेष संरचनाका अध्यक्षहरू तथा समितिले आवश्यकतानुसार १५ प्रतिशतमा नबढाई मनोनित गरेका सदस्यहरू रहने छन् ।
७. निर्वाचित पदाधिकारीहरूको शपथग्रहणपश्चात पुरानो राष्ट्रिय समिति स्वतः विघटन हुने छ ।

धारा ५६ - राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार
१ समितिका पदाधिकारीहरू तथा सदस्यहरू मध्येबाट समितिले चुनेका ६ जनासहित १५ सदस्यीय कार्यकारिणी समिति गठन गर्ने ।
२. समितिका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने ।
३. मातहतका जिल्ला समितिहरू परिचालन गर्ने, आवश्यक निर्णयहरू कार्यान्वयनका लागि अन्तरपार्टी परिपत्र जारी गर्ने ।
४. विधानबमोजिम विभाग र संयन्त्र गठन गर्ने ।
५. आवश्यकता परे काम, कर्तव्य र अधिकार तोकी यस विधानमा व्यवस्था गरिएका बाहेकका विभिन्न समिति, उपसमिति, कार्यदल आदि गठन गर्ने, गराउने ।
६. अधिवेशनमा राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र सङ्गठनात्मक प्रतिवेदन तथा प्रस्तावहरू प्रस्तुत गर्ने ।
७. आफ्नो कार्य क्षेत्रमा प्रशिक्षण, विचार गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. केन्द्रीय समिति र प्रदेश समितिका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने ।
९. तोकिएको प्रक्रिया तथा मापदण्डबमोजिम पार्टी सदस्यता प्रदान गर्न स्थानीय तहबाट सिफारिस भई आएका उपर रायसहित प्रदेश समितिमा पठाउने ।
१०. आफ्नो मुखपत्रलगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने ।
११. तो किएबमोजिम पार्टी कोषको सञ्चालन गर्ने ।
१२. आफ्नो समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने ।
१३. आफ्नो समितिका पदाधिकारी र सदस्यहरूमाथि विधानअनुसार अनुशासनको कारवाही गर्ने ।
१४. राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी समितिका कुनै सदस्यको पदरिक्त भएमा अर्को निर्वाचन नभएसम्मका लागि पदपूर्ति गर्ने ।
१५. केन्द्रीय समिति र प्रदेश समितिसँग समन्वय गरी पहिचान र अधिकारसँग सम्बन्धित राष्ट्रिय आन्दोलन सञ्चालन गर्ने ।
१६. अधिवेशन र राष्ट्रिय समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।
१७. अनुशासनात्मक कार्यवाहीमा परी जिल्ला समिति विघटन भएमा वा कार्यकाल समाप्त भएमा वा अधिवेशन समयभित्र सम्पन्न नगरेमा वा क्रियाशील नरहेमा वा कुनै कारणवश विघटन भएमा, जिल्ला तदर्थ समिति गठन गर्ने ।
१८. पार्टीको विधान, नियमावली तथा निर्देशिकामा तोकिएका अन्य कामहरू गर्ने ।

धारा - ५७ राष्ट्रिय समन्वय समिति गठन
१. पहिचानमा आधारित राष्ट्रिय समिति दुई वा दुईभन्दा बढी प्रदेशमा विभाजित भएमा राष्ट्रिय समन्वय समिति गठन गरिने छ । समन्वय समितिमा १ जना संयोजक तोकिने छ ।
२. दुई वा दुईभन्दा बढी प्रदेशमा विभाजित पहिचानमा आधारित राष्ट्रिय समितिको कामलाई संयो जन गर्न तोकिएको इन्चार्जले प्रदेश समितिहरूसँग समन्वय गरी अनुसूची- १२ बमोजिम पहिचानमा आधारित राष्ट्रिय समन्वय समिति गठन गर्ने छ । यस समन्वय समितिमा सामान्यतया आफ्नो क्षेत्रभित्रका जिल्ला समन्वय समितिका अध्यक्ष र राष्ट्रिय समितिले तोकेका सदस्यहरू रहने छन् । यससम्बन्धी थप व्यवस्था तोकिएबमोजिम हुने छ ।
३. समितिको गठन भेलामा प्रदेश समिति र केन्द्रीय निर्वाचन आयोगको प्रतिनिधिलाई आमन्त्रित गरिने छ । निर्वाचन सम्पन्न भएपछि समन्वय समिति गठन भएको घोषणा गरिने छ ।
४. समावेसीतालाई ध्यान दिंदै कुल समिति सङ्ख्याको १५ प्रतिशतमा नबढ्ने गरी समन्वय समितिले सदस्यहरू मनोनित गर्न सक्ने छन् ।
५. आफ्नो क्षेत्रभित्रका माथिल्लो समितिका सदस्यलाई गठन भेलामा आमन्त्रण गर्न सकिने छ ।

धारा - ५८ राष्ट्रिय कार्यकारिणी समिति र त्यसको काम, कर्तव्य र अधिकार
१. राष्ट्रिय समितिको दुई बैठकबिचको अवधिमा तत्काल गर्नुपर्ने राजनीतिक तथा सङ्गठनात्मक निर्णय गर्ने ।
२. आफूले गरेका आवश्यक निर्णय र कार्यहरू अनुमोदनका निम्ति राष्ट्रिय समितिको बैठकमा प्रस्तुत गर्ने ।
३. राष्ट्रिय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

धारा - ५९ राष्ट्रिय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार
राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन :
१. अध्यक्षको काम, कर्तव्य र अधिकार
(क) आफ्नो कार्यक्षेत्रको पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने, आफ्नो समितिको बैठक बोलाउन निर्देशन दिने ।
(ख) माथिल्लो समिति, आफ्नो तहको अधिवेशन र आफ्नो समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।
(ग) राष्ट्रिय समिति र कार्यकारिणी समितिको बैठकको अध्यक्षता गर्ने ।
(घ) राष्ट्रिय समितिको अधिवेशन र बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(ङ) आय-व्ययको लेखा राख्न लगाउने, पार्टी सदस्य दर्ता किताव राख्न लगाउने ।
(च) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने ।
(ग) राष्ट्रिय समिति तथा कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
३. मुख्यसचिवको काम, कर्तव्य र अधिकार
(क) माथिल्ला समितिहरू र राष्ट्रिय समितिको अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र समितिको बैठकमा प्रस्तुत गर्ने ।
(ख) राष्ट्रिय समितिको कार्यालय सञ्चालन गर्ने ।
(ग) प्रदेशको क्षेत्राधिकारभित्रको सङ्गठनात्मक कार्यको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने ।
(घ) अध्यक्षको परामर्शमा समितिका बैठकको कार्यसूची तयार गर्ने र बोलाउने ।
(ङ) राष्ट्रिय समितिको अधिवेशन र समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने ।
(च) समितिको बैठक सञ्चालन गर्ने ।
(छ) राष्ट्रिय समिति र कार्य कारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।
४. सचिवको काम, कर्तव्य र अधिकार
(क) मुख्यसचिवको काममा आवश्यक सहयोग गर्ने ।
(ख) मुख्यसचिवको अनुपस्थितिमा मुख्यसचिवले गर्ने कार्यहरू गर्ने ।
(ग) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
५. कोषाध्यक्षको काम र कर्तव्य
(क) राष्ट्रिय समितिको कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने,
(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, त्यसलाई राष्ट्रिय समितिबाट पारित गरी लागु गर्ने ।
(ग) पार्टी कोषको सञ्चालन गर्ने ।
(घ) आय-स्रोतहरूको सङ्कलन, परिचालन विस्तारका साथै राष्ट्रिय समितिले तोकेबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
(ङ) नियमानुसार लेखा परिक्षण गराउने ।
(च) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
६. सदस्यको काम, कर्तव्य र अधिकार
(क) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका कार्यहरू गर्ने ।

क्रमशः...

# संक्षिप्त समाचार

## सयौं नेता कार्यकर्ता जनमतमा प्रवेश

रौतहट । जिल्लाका सयौं नेता कार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेका छन् । सोमबार रौतहटको गौरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा सयौं नेता कार्यकर्ता जनमतमा प्रवेश गरेका छन् । दिग्गज राजनीतिज्ञहरू मो. शेख जमसैध, देवेन्द्र मिश्र, डा. रामाशंकर ठाकुर, ब्रजभूषण सिंह सहित सयौंको संख्यामा जनमत पार्टीमा प्रवेश गरेका हुन् । नवप्रवेशीहरुलाई जनमतका अध्यक्ष डा.सीके राउतले अबीर माला लगाई स्वागत गरेका थिए ।

## डाक्टरको शव फेला

विराटनगर । जिल्लाको उर्लाबारी-३ स्थित मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा कार्यरत चिकित्सक डाक्टर प्रज्वल कोइरालाको शव कोशीको अङ्गालोमा भेटिएको छ । झापाको दमक-१ मा घर भई मदन भण्डारी ट्रमा सेन्टरमा करारमा नियुक्त डाक्टर कोइराला गत भदौ १० गते आइतबार अस्पतालमा बिरामी चेकजाँच गरी बेपत्ता भएका थिए । सुनसरी र उदयपुरको सीमाको कोशी पुलमा आफू चढ्ने गाडी, मोबाइल र पर्स छोडेर बेपत्ता भएका कोइरालाको शव वराहक्षेत्र नगरपालिका वडा नम्बर २ को कोशीको अङ्गालोमा मङ्गलबार दिउँसो फेला परेको हो । कोशीमा माछा मार्नेहरूले अङ्गालोमा शव तैरिरहेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । शव भेटिएपछि स्थानीयले प्रहरी र आफन्तलाई खबर गरेको थियो ।

## आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

बाँके । नेपालगंज उपमहानगरपालिका-८ त्रिभुवन चोक बस्ने अप्पर अन्सारीको आफ्नै घरमा रहेको नेपाल कलेक्सन फेन्सी पसलमा आगलागी हुँदा विभिन्न धनमाल जलेर नष्ट भएको छ । विद्युत सर्ट भई गएराति आगलागी हुँदा पसलभित्र रहेको सम्पूर्ण सामान जलेर नष्ट भएको छ । आगलागीबाट भएको क्षतिको विवरण हाल खुलेको छैन । प्रहरीले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियनत्रणमा लिनुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु

कैलाली। धनगढी उपमहानगरपालिका-१ बाल्मिकी स्कुल नजिक सु.प.प्र.०१०११ प ९१०५ नम्बरको स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । सोही उपमहानगरपालिका-५ जाई बस्ने ४० वर्षीय जिउधन चौधरीको सोमबार बिहान मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको निसर्ग अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । स्कुटर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## खैरो हेरोइन र स्रोत नखुलेको रकमसहित पक्राउ

कैलाली । खैरो हेरोइन र स्रोत नखुलेको नगदसहित एक युवक पक्राउ परेका छन् । गोदावारी गाउँपालिका-१ बनखेत बस्ने ३५ वर्षीय रमेश बहादुर तिरूवालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम १ सय ९० मिलिग्राम र स्रोत नखुलेको ४ लाख ७४ हजार ५ सय भारतीय रूपैयाँसहित बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनलाई उक्त पदार्थ र नगदसहित फेला पारी पक्राउ गरेको हो ।

## पोखरीमा डुबेर मृत्यु

रौतहट । पोखरीमा डुबेर जिल्लाको राजदेवी नगरपालिकामा एकको मृत्यु भएको छ । राजदेवी नगरपालिका-५ हजमिनिया टोल बस्ने २५ वर्षीया ममता सिंहको सोही ठाउँस्थित सार्वजनिक पोखरीमा डुबेर बिहीबार दिउँसो मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## गाँजासहित एक जना पक्राउ

पर्सा । पर्सागढी नगरपालिका-१ बडेरुवाबाट अवैध लागूऔषध गाँजा ५ किलो ७ सय १३ ग्रामसहित मकवानपुर सुनाचुरी गाउँपालिका-६ बस्ने ३८ वर्षीय चन्द्रमान प्रजालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । अस्थाई प्रहरी पोष्ट मानवाबाट खटिएको प्रहरीले जितपुरबाट मनवातर्फ आउँदै गरेको प्रदेश नं.-२-०३-००१ ह २७२ नम्बरको अटो रिक्सालाई जाँच गर्ने क्रममा उक्त गाँजासहित उनलाई पक्राउ गरेको हो ।

## लागूऔषधसहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषधसहित दुई जना पक्राउ परेका छन् । अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय २० मिलिग्रामसहित राप्तीसोनारी गाउँपालिका-४ बैजापुर बस्ने २८ वर्षीय कमबहादुर थारू र १ ग्रामसहित सोही उपमहानगरपालिका-१८ भुजई गाउँ बस्ने ४१ वर्षीय गया प्रसाद धोबीलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपालगंजतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

## चोरीमा संलग्न एक जना पक्राउ

मोरङ । सुनवर्षी नगरपालिका-९ डाईनियास्थित मनिस ज्वेलर्सबाट सुन तथा चाँदीका विभिन्न गरगहना चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा रतुवामाई नगरपालिका-५ बस्ने २२ वर्षीय संजय पासवानलाई प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँ बस्ने ब्रिज लाल सोनारको उक्त ज्वेलर्सबाट शुक्रबार बिहान करिब ३ लाख ४७ हजार ८ सय ४० रूपैयाँ बराबरको सुन तथा चाँदीका विभिन्न गरगहना चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले चोरीमा संलग्न पासवानलाई सुनवर्षी नगरपालिका-९ डाईनियाबाट पक्राउ गरेको हो । साथै उनको साथबाट फलामको रड २ थान, फलामको कैंची र नियन्त्रित लागूऔषध नाईट्राभेट ३४ ट्याब्लेट समेत प्रहरीले बरामद गरेको छ ।



## स्थानीय सम्वाद

# 'खुशी किसान, देवानगन्जको पहिचान' हाम्रो मूल उद्देश्य



**बेचन प्रसाद मेहता**

**अध्यक्ष, देवानगन्ज गाउँपालिका, सुनसरी**

**देवागन्जलाई कृषिमा आत्मनिर्भर मात्र नभई देशकै नमुना पालिका बनाउने थुप्रै आधारहरु छन् । यहाँ जनजीवन कृषिमा नै आधारित छन् । यहाँ वर्षमा चार पाँच किसिमका खेती गरिन्छ । आलु, मकै, धान, गहुँ लगायतका खाद्यान्नहरु उब्जनी हुने गरेका छन् ।**

**o देवानगन्ज गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएको एक वर्षभन्दा बढी समय भयो, के-के गर्नुभयो ?**

– म निर्वाचित भएर आएदेखि नै मैले कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै काम गर्दै आएको छु । देवागन्जमा हामी सुविधा सम्पन्न १० बेडको अस्पताल बनाउँदैछौं । यही वर्षको अन्त्यसम्म सो अस्पताल सञ्चालनमा ल्याउने हाम्रो उद्देश्य रहेको छ । स्वास्थ्य क्षेत्रमा यो पालिका एकदमै पछाडि परेको छ । आगामी दिनमा देवानगन्जमा जनताले साधारण स्वास्थ्य जाँचका लागि बाहिर जानु पर्दैन । यस्तै, हाम्रो पालिका भनेको कृषिमा आधारित हो । आगामी चार वर्षामा हामीले देवानगन्जलाई देशकै कृषिउपज पालिकाको रुपमा बनाउँछौं । चालु आर्थिक वर्षमा हामीले कृषिमा विकासका लागि २३ करोड बजेट ल्याएका छौं । सिंचाइका लागि विद्युतीकरण गर्दैछौं । देवानगन्जलाई हामी कृषिमा आत्मनिर्भर बनाउन लागेका छौं । हामी मोटर बोरिङ्ग योजना पनि ल्याउँदैछौं ।

**o देवानगन्जलाई कृषिमा कसरी आत्मनिर्भर बनाउनु हुन्छ ?**

– देवागन्जलाई कृषिमा आत्मनिर्भर मात्र नभई देशकै नमुना पालिका बनाउने थुप्रै आधारहरु छन् । यहाँ जनजीवन कृषिमा नै आधारित छन् । यहाँ वर्षमा चार पाँच किसिमका खेती गरिन्छ । आलु, मकै, धान, गहुँ लगायतका खाद्यान्नहरु उब्जनी हुने गरेका छन् । तर यसमा उचित लगानी नभएकोले अहिलेसम्म ओझेलमा परेको थियो । म निर्वाचित भएर आइसकेपछि सबभन्दा बढी प्राथमिकता हामीले कृषिलाई नै दिएका छौं । कृषि पेसालाई एउटा आम्दानीको माध्यम बनाउन सकिन्छ । यसका लागि हामी विभिन्न योजनाहरु बनाउँदैछौं । सबभन्दा ठूलो समस्या थियो सिंचाइको । आकाशे पानीको भरमा यहाँका कृषकले खेती गर्ने गरेका थिए । त्यसका लागि पनि हामीले विद्युतीकरणको माध्यमले सिंचाइको व्यवस्था गर्दैछौं । अब यहाँका किसान आकाशे पानीको भर पर्नु पर्दैन । 'खुशी किसान, देवानगन्जको पहिचान' हाम्रो नारा नै हो । त्यसैअनुरुप हामी काम गरिरहेका छौं ।

**o किसान उब्जाएका खाद्यवस्तुहरु बजारीकरण नपाउँदा लागत पनि उठ्न सकेको हुँदैन । कृषि उपज वस्तुको बजारीकरणका लागि योजना के छ ?**

– वास्तवमा तराई-मधेशका कृषकले उब्जाएका खाद्यवस्तुहरुको उचित मूल्य नपाउँदा वा बजारीकरण गर्न नसक्दा लागत पनि उठ्न सकिरहेको छैन । त्यसका लागि हामी व्यवस्था मिलाउँदैछौं । कृषि उपज वस्तुको बजारीकरणका लागि हामी प्रदेश र संघ सरकारसँग सहकार्य गर्ने योजना बनाइरहेका छन् । देवानगन्ज गाउँपालिकामा एउटा कृषि बजार पनि छ । देवानगन्जमा उत्पादन भएका कृषिजन्य वस्तुहरुको उचित बजारीकरणका लागि हामी पहल गरिरहेका छौं ।

**o चालु आर्थिक वर्षको बजेटमा नयाँ के-के ल्याउनुभएको छ ?**

– चालु आर्थिक वर्षको बजेटमा हामीले कृषिमा सिंचाइका लागि विद्युतीकरणमा १३ करोडको छुट्याएका छौं । विद्युतीकरणका लागि अलि-अलि पैसा छुट्याएर हुँदैन । विद्युतीकरणका लागि महँगो सामानहरु खरिद गर्नुपर्ने हुन्छ । यो वर्षदेखि नै हामी विद्युतीय बोरिङ्ग पनि सुरु गर्न गइरहेका छौं । यस्तै, शिक्षा क्षेत्र पनि एकदमै खस्किँदो अवस्थामा रहेको छ । शिक्षा क्षेत्रको व्यवस्थापनमा पनि हामीले सुधार गरिरहेका छौं ।

**o तपाईंको कामबाट देवानगन्जका जनता सन्तुष्ट छन् ?**

– यहाँका जनता पूर्णरुपमा सन्तुष्ट छन् । अहिले हामी जसरी विद्युतीकरण, मोटर बोरिङ्गको व्यवस्था मिलाउँदैछौं, स्वास्थ्य क्षेत्रमा अस्पताल बनाउँदैछौं, शिक्षा क्षेत्रका विकृत्तिहरु हटाउँदैछौं । यस्ता कामहरुबाट जनता पूर्णरुपमा सन्तुष्ट रहेका हामी पाएका छौं । जनतालाई काम चाहिएको छ, म काम गरेर देखाउने मान्छे हुँ । म निर्वाचित भएर आएपछि कुनै किसिमको पक्षपात गरेको छैन । पालिकाको सबै ठाउँमा एक समानले विकास निर्माणका कार्यहरु गरिरहेको छु ।

**o प्रदेश र संघ सरकारसँग कतिको सहकार्य हुँदैछ ?**

– हामी जनताका लागि काम गर्न आएका हौं । जनताका लागि काम गर्न कुनै पनि सरकारले अवरोध गर्दैन । म प्रदेश र संघ सरकारसँग सहकार्य गरेर नै अगाडि बढिरहेको छु । किनभने म आफ्नो व्यक्तिगत कामका लागि प्रदेश वा संघ सरकारसँग आग्रह गर्न गएको छैन । पालिकाकै विकास र समृद्धिका लागि प्रदेश र संघ सरकारका मन्त्रीहरुसँग भेट्न जाने गरेको छु ।

**o सिंहदरबार गाउँ-गाउँमा भन्ने कुरा जनताले महसुस गरेका छन् ?**

– निश्चितरुपमा हाम्रो पालिकामा सिंहदरबार गाउँमा आएको महसुस गरेका छन् । हाम्रो देशका ७५३ वटै पालिकाका प्रमुखहरु जनताको हितलाई केन्द्रमा राखेर काम गर्ने हो भने निश्चितरुपमा देशभरकै जनताले सिंहदरबार गाउँ-गाउँमा महसुस गर्नेछन् । पालिका प्रमुखहरु दायित्व हो कि सिंहदरबार गाउँ-गाउँमा महसुस गराउने । संघीयतालाई संस्थागत गर्न अहिले पनि धेरै काम गर्नुपर्ने आवश्यकता छ । सबै पालिकाका प्रमुखहरुले राम्रोसँग काम गर्नुभयो भने निश्चितरुपमा संघीयता सफल हुन्छ ।

**o स्थानीय तहमा व्यापक भ्रष्टाचार हुन्छ भन्ने कुराहरु सुनिन्छ, देवानगन्ज भ्रष्टाचारबाट अछुतो छ ?**

– अन्य पालिकाहरुको कुरा त म भन्न सक्दिँन तर मेरो पालिकामा अहिलेसम्म कहीं पनि भ्रष्टाचार वा अनियमितताको कुरा उठेको छैन । किनभने हामीले जति पनि कामहरु गर्छौं, त्यो पूर्णरुपमा पारदर्शी हुन्छ । पालिकामा कुनै पनि नियुक्ति पनि गर्दा खुल्ला प्रतिस्पर्धामार्फत गर्ने गरेका छौं । कुनै किसिमको दबाब, प्रभाव वा प्रलोभनमा हामी काम गर्दैनौं । भ्रष्टाचार के हो मैले बुझेकै छैन ।

## चिनियाँ राजदूतको अभिव्यक्ति घोर आपत्तिकजनक : महन्थ ठाकुर

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले चिनियाँ राजदूत छन् सोङले दिएको अभिव्यक्ति घोर आपत्तिजनक रहेको बताएका छन् । अध्यक्ष ठाकुरले दुई देशको सम्बन्धका बारे तेस्रो देशले त्यस किसिमको अभिव्यक्ति दिनु सोभनीय नभएको जिकिर गरेका छन् । नेपालका लागि चिनियाँ राजदूत छन् सोङले नेपाल-भारतबीचको सम्बन्ध र नेपालको आर्थिक अवस्थाप्रति विवादास्पद् अभिव्यक्ति दिएका छन्। राजदूत सोङले नेपाल र भारतबीच भइरहेको विद्युत व्यापारका बारेमा गैरकूटनीतिक भाषामा टिप्पणी गरेका हुन्।

## चीनको नयाँ नक्साप्रति अभियानको आपत्ति

काठमाडौं । चीनले हालै जारी गरेको नयाँ नक्सामा नेपालको भूमि चिनियाँ क्षेत्रमा देखाएको भन्दै विरोध भइरहेको छ । उक्त नक्सामा नेपालको हुम्ला, रसुवा र सिंधुपल्चोक जिल्लाको कतिपय क्षेत्रलाई चिनियाँ क्षेत्रमा देखाईएपछि विरोध भएको हो । यता, नेपालकै कतिपय क्षेत्रसमेत चीनले आफनो नक्सामा समावेश गरेको भन्दै विरोध सुरु भएको छ। राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले हुम्लाको भागदारे नदी क्षेत्रमा ६ हेक्टर र कर्णाली नदीको चार हेक्टर जमिन चीनले आफ्नो नक्सामा देखाएको आरोप लगाए। उनका अनुसार रसुवाको सान्जेन नदी, भुरजंग नदी र जम्बुखोलाको ६ हेक्टर जमिन तिब्बतको केरुङ क्षेत्रमा पारिएको छ भने सिन्धुपाल्चोकको खराने खोला र भोटेकोशी क्षेत्रको ११ हेक्टर जमिन तिब्बतको न्यालाम क्षेत्रमा पारिएको छ। गोरखाको रुई र तेघागाउँ तिब्बततिर पारिएको भन्दै उनले चीनको नयाँ नक्साको विरोध गरेका छन्। संखुवासभाको पनि ९ हेक्टर भूमि चीनको भूभागमा परेको भन्दै कामुखोला, अरुण खोला र सुम्जंग खोला पनि अहिले चीनको तिङगिस्यन काउन्टीमा परेको उनले बताए। यसरी चीनले देखादेखी नेपालको भुमिलाई आफनो भुमि भन्दै नक्सा जारी गर्दा पनि सरकार र राजनीतिक दलका नेताहरु चुपचाप वसेको भन्दै उनले असन्तुष्टि जनाएका छन्।

## राजदुत फिर्ता गर्न माग

काठमाडौं । राष्ट्रिय एकता अभियानले काठमाडौंस्थित चिनियाँ दूतावास अगाडि प्रदर्शन गरेको छ । राजदूतले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको विरोधमा अभियानले प्रदर्शन गरेको हो । अभियानका अध्यक्ष विनय यादवको अगुवाईमा आयोजित प्रदर्शनमा चिनियाँ राजदूतलाई फिर्ता गर, ऋणजाल चाहिदैन, देश डुबाऊन पाइदैन, आंतरिक मामिलामा हस्तक्षेप बन्द गर, चिनियाँ विस्तारवाद मुर्दावाद, राष्ट्रिय एकता अभियान जिन्दावादलगायतका नारा लगाएका थिए। प्रदर्शनमा मधेश सम्पर्क समितिका संयोजक बिनोद सिंह, अभियानका महासचिव डा. प्रभात कुशवाहा, विद्यार्थी परिषदका पप्पु यादव, युवानेता धीरज गिरी, अभियानी शिव पासवान, गणेश कुमार सिंह लगायतको सहभागिता थियो। अध्यक्ष यादवका अनुसार चीनियाँ दुतावासले जथाभावी बोलेर नेपाल-भारत सम्बन्ध माथि प्रहार गरेको र यो राजदूतको मर्यादा विपरीत काम हो। सरकारले कूटनीतिक प्रकृयाद्वारा यस्ता छाड़ा गतिविधि माथि रोक लगाउनु पर्ने उनको भनाई छ। 'चीनले खासा नाका एकतर्फी घोषणा गरेर बन्द गरी नेपाललाई दुःख दियो, तर चीन माथि हाम्रो निर्भरता कम रहेकोले खासै फरक परेन' यादव भन्छन्–'भारतले चाहिएको बेला नेपाललाई खाद्यान्न दिएको छ, बिजुली दिएको छ। खाद्यान्न र ऊर्जा सुरक्षा देशको लागि अत्यन्त संवेदनशील विषय हुन।' चीनले आफ्नो रणनीतिक योजनाको लागि नेपाल माथि ऋणको भारी बोकाएको यादवको आरोप छ। अहिले नेपाल-भारत सम्बन्ध बिगार्न पनि राजदुतले भुमिका खेलिरहेको उनले वताए। 'चीनले नेपाललाई आफ्नो सस्तो/कमसल सामान बेच्ने बाजार र भारततर्फ सुन लगायतका सामान तस्करी गराउने ट्रान्जिट प्वाइन्टको रुपमा मात्र प्रयोग गर्दै आएको छ' उनी भन्छन्–'नेपालको अर्थतन्त्रमा कुनै योगदान गरेको छैन। चीनका यस्ता गतिविधिप्रति नेपाल सावधान र सचेत रहन आवश्यक छ।

## चिनियाा राजदूतको अभिव्यक्ति घोर निन्दनीय छ : सांसद खान

काठमाडौं । जनमत पार्टीका उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य अब्दुल खानले नेपालका लागि चिनियाँ राजदूतको अभिव्यक्ति घोर निन्दनीय रहेको बताउँदै तुरुन्त फिर्ता पठाउनुपर्ने बताएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विशेष समयमा बोल्दै सांसद खानले हजारौं वर्षदेखि कायम रहेको नेपाल-भारत सम्बन्धको विषयमा चिनियाँ राजदूत विषवमन गर्ने र वैमनश्यता लगाउने काम गर्न खोजेको आरोप लगाएका छन् । 'चिनियाँ राजदूतको अभिव्यक्ति घोर निन्दनीय छ । यदि नेपाल स्वतन्त्र राष्ट्र हो भने उक्त राजदूतलाई परराष्ट्र मन्त्रालयले तुरुन्त स्पष्टीकरण सोध्नुपर्छ,' उनले चिनियाँ राजदूतलाई तत्काल फिर्ता पठाउनुपर्ने माग गरेका हुन् । उनले चीनबाट आयातको तुलनामा निर्यात एक प्रतिशत पनि नरहेको बताउँदै यो तथ्यलाई नबिर्सन आग्रह गरेका छन् । उनले थपे, 'बरु नेपाल-भारतको सनातनदेखिको सम्बन्ध हो । देश र राज्यको अवधारणा पनि पूर्वकालको यो सम्बन्ध बहुआयामिक हो ।' उनले नेपालका लाखौं परिवारका मानिसहरु भारतमा काम गरेर आफ्ना परिवार पाल्दै आएको स्मरण गराउँदै नेपाल र भारतबीच जन्मदेखि मृत्युसम्मको सम्बन्ध रहेको उल्लेख गरे ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**

पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**

महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**छिन्नमस्ता गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

## विश्व परिवेश

# जी २० का भविष्यका लागि मानवकेन्द्रित नक्शा उद्घाटन हुने



प्रधानमन्त्री नरेन्द्र मोदीले गेटीसीमा नेपाललाई लागू गर्नु भएका भुमिका र गट-२० शिखरसम्बन्धी राष्ट्रिय प्राथमिकता र ढाँचामा जोडणको बारेमा अन्तरराष्ट्रिय ब्लगमा लेख गर्नुभयो। मंगलवार (११ सेप्टेम्बर २०२३)को एउटा ब्लग पोस्टमा प्रधानमन्त्री मोदीले लेखेका छन्। त्यसमा उनले लेखेका छन्, "पोषणपछेको विश्वदरबार अत्यंत विभिन्न छ भनेर जान्छ"

त्यसपछि उहाँले तीन महत्वपूर्ण परिवर्तनहरूलाई जोडनुभाएको छ।

१. ग्रह कुल प्रयास बाट अपाङ्गती सेण्ट्रिक दृष्टिकोण बाट मानव सेण्ट्रिक दृष्टिकोणमा परिवतन आवश्यक छ।

२. विश्व बेलायती वितरण संचारमा तात्पर्यगर्भता र आवश्यकता चाहिंलहरूमा निगरानी गर्ने महत्वलाई पहिचान गरिरहेको छ।

३. वैश्विक संस्थानहरूको सुधारबाट साझा पुकार छ।

"हाम्रो गेटीसी प्रधानसचिवले यो परिवर्तनलाई प्रेरकको भूमिका खेल्यो," प्रधानमन्त्री मोदीले उल्लेख गर्नुभयो।

उहाँले भने सधैं प्रचलित दिदीमा थिए गेटीसीको दृष्टिकोण। यस्तो दृष्टिकोणमा बोक्दा व्यक्तिगत नागरिकहरूको कल्याण बिस्तारमा सुधारहरूलाई अवगत नगर्नेको छ र यसले प्रधानता दिन्छ कि प्रमुख ध्यान लगाएर अर्थशास्त्रिक सूचक बाहेक व्यक्तिगत नागरिकहरूका जीवनको गुणस्तर, स्वास्थ्य र सन्तुष्टिलाई अत्यधिक मायाप्राप्त छ। यस दृष्टिकोण भारतको पुरातात्विक मूल्यहरूसँग मेल खाँदा जस्तै छ - "वसुधैव कुटुम्बकम्।" संगै, जलवायु परिवर्तनका विषयमा, प्रधानमन्त्री मोदीले परंपरागत सीमानामा रहेका व्यवस्थाहरूबाट बिद्यमानलाई अल्पचीनको बारेमा भन्नु पर्ने छैन। उहाँ विशेष रूपमा संवर्धनशील अविष्रुकृतिहरू, हरित उद्योगहरूलाई सशक्त गर्ने र अविष्रुकृत ऊजाला उपयोग गर्ने बारेमा भने। ध्यानलागत छ कि मात्र नुकसान न पुगाउनु भन्रुदै बचाउने मात्रै होइन जगत्रुसमुदायिक पारिस्थितिकी शुद्धिलाई सक्रिय रूपमा सहयोग प्रुरदान गर्ने बारेमा।

संयोजनको अंतर्गत, प्रधानमन्त्री मोदीले भने भारतको गेटीसी प्रधानताले ६० नेपाली शहरहरूमा २००भन्दा बढी बैठकहरू आयोजन गर्ने उपक्रमलाई उदाहरणको रुपमा उठाएका छन्। यस्रुता बैठकहरूले गर्जाउने हृदयका साथीजनहरूको मध्यमा परिवर्तनलाई जनचेतना प्राधान्य दिईदै गेटीसीका मिशनले होइन, जति सत्ताको समूहमा टेढा हल्ला सुन्ने अन्तर्राष्ट्रियको पटकमा महत्वका सभापतीमुक्त आवाज, राष्ट्रिय नीतिमा स्थान र पेशेवरतालाई प्रभावित गर्दछ। यस उपक्रमले जनस्वास्थ्यमा विशेषताः सार्वजनिक राय र विशेषज्ञतालाई मान्यता दिने, जगत्रुसमुदायिक नीतिको ढाँचा तयार गर्दै यस्ता निकायले भारतका लोकप्रियता लागू गर्ने प्रतिष्ठान बनिरहेका छन्।

अन्तमा, प्रधानमन्त्री मोदीका विचारहरूले गेटीसी प्रतिष्ठाको हृदयमा कुराकानीको दरवाजा उद्घाटन गर्दछन्। ध्यानलागत छ प्रगतिशीलतामा भरत्सना गर्नेबाट मनोरञ्जनका चर्चहरूमा साझेदारी, हरितपर्यटन, र मानव-सेण्ट्रिक दृष्टिकोणलाई पुनः तागत गरेर साझेदारी प्रदान गर्न। जगतीय साझेदारीहरूले रुरुसाझेदारी, सुस्थ संघ, र मानव-सेण्ट्रिक दृष्टिकोणलाई पुनः मनमुटाउँदछ।

-इण्डिया न्यूज नेटवर्क

# भारत-एसियान सहयोगमा मजबूतीका लागि प्रधानमन्त्री मोदीको १२ बिन्दु प्रस्ताव

सचिवमन्त्री मोदीको भारत-एसियान सहयोगमा बल प्रदान गर्न लागि १२ बिन्दु कार्यप्रस्तावहरूमा प्रमुख छन्।

यी कार्यप्रस्तावहरूले संयोजनअभिष्टता, डिजिटल रुपान्तरण, व्यापार र आर्थिक संलग्नता, समसामयिक चुनौतिहरूमा परिस्थिति समावेश गरेको छन्, नागरिक सम्पर्कहरू र रणनीतिक संलग्नतालाई गहिराई गर्नुपर्छ।

१. दक्षिण पूर्व एशिया-भारत-पश्चिम एशिया-युरोपसँग सम्पर्कशीलता र आर्थिक मार्गसूची स्थापन गर्नु

२. एसियान साझेदारहरूसँग भारतको डिजिटल सार्वजनिक अवसंरचना ठोस्ने प्रस्ताव गर्नु

३. डिजिटल भविष्यका लागि एसियान-भारत धन निर्माणमा सहयोगमा विशेषतालाई गहिराई दिन एसियान-भारत निधि प्रस्ताव गर्नु

४. भारतले बढिरहेको सहयोगमा जानकारी साझेदारको तर्फ मूल्यवान पार्टनरको रुपमा व्यापारिक र संशोधन संस्था (जीआरआईए)लाई समर्थन ताजा गर्नु घोषणा गर्नुहोस्।

५. वैश्विक दक्षिणको सामूहिक मुद्दाहरूलाई बहुसंख्यक आवाज उठाउने कथन गर्नुहोस्

६. एसियान देशहरूलाई भारतमा डड्को उपचार गर्ने विश्व स्वास्थ्य संगठन (ध्ज्इ)ले स्थापन गर्न जाँदैछ वैश्विक परंपरागत औषधि केन्द्रमा सहयोग गर्न आमन्त्रण गर्नुहोस्

७. मिशन लाइफमा संयुक्त रूपमा काम गर्ने कथन गर्नुहोस्

८. जन-औषधि केन्द्रहरू द्वारा लागत कम र गुणस्तरीय औषधि प्रदान गर्ने भारतमा अनुभव साझेदारहरूसँग साझियता गर्ने कथन गर्नुहोस्

९. आतंकवाद, आतंकवाद वित्तीयता र साइबर अयोग्यतालाई समूहिक रूपमा मुकाबला गर्ने कथन गर्नुहोस्

१०. प्रकोप र सशक्त संरक्षणको लागि कोयलिसन मा एसियान देशहरूलाई साझेदारी को आमन्त्रण गर्नुहोस्

११. प्रकोप प्रबन्धनमा सहयोग गर्नुहोस्

१२. समुद्री सुरक्षा, सुरक्षा र क्षेत्र जागरणमा वृद्धि गर्ने कथन गर्नुहोस्

"इतिहास र भूगोल देश र एसियानलाई एकजोड गर्छन्। यसको साथै, हाम्रो साझेदारी, क्षेत्रीय एकीकरण र अशान्ति, समृद्धि र एकाधिकारीपूर्ण विश्वमा हाम्रो साझेदारी अभिवृद्धि गर्दछन्। एसियान भारतको 'कार्यक्षेत्र को मध्यवर्ती स्तम्भ' हो। भारतले एसियानको 'त्यस्तो'मा एसियान भारतको मद्धेस्वरतालाई समर्थन गर्दछ र इन्दो प्रशान्तको एसियान बारे भारतको भूतकालको योजना (आइपिओआइ) पा र एसियानका पनि योजनासँग सामद्धयका मेलमिलापहरूलाई रोशनी दिएका छन्।" प्रधानमन्त्री मोदीले हिन्दीमा भने।

सदनमा बोल्नुभयो बुधबार (सेप्टेम्बर ७, २०२३)। प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-एसियान सहयोगमा सशक्तीकरणका लागि १२ बिन्दु कार्यप्रस्ताव पेश गर्नुभयो। -इण्डिया न्यूज नेटवर्क






## सूर्यको अध्ययन गर्न नयाा मिसनमा भारत

काठमाडौं । चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान-३ को सफल अवतरण गरेको एक सातापछि नै भारतले सूर्यको अध्ययनका लागि एक मिसनको सुरुवात गरेको छ । भारतले यो पहिलो सूर्य मिसनको प्रक्षेपण गरेको हो ।

आदित्य-एल १ नाम दिइएको यो अन्तरिक्ष यान आज शनिबार २ सेप्टेम्बरमा श्रीहरिकोटबाट स्थानीय समयअनुसार विहान ११:५० बजे अन्तरिक्षतर्फ प्रस्थान गरेको हो । श्रीहरिकोटमा भारतको प्रमुख उपग्रह प्रक्षेपण केन्द्र छ ।

यो अन्तरिक्ष यानले पृथ्वीबाट १५ लाख किलोमिटरको दुरी पार गर्ने छ, जुन पृथ्वी र सूर्यको दुरीको १ प्रतिशत हो ।

भारतीय स्पेस एजेन्सीका अनुसार लेगरञ्ज प्वाइन्टमा पुग्न यो अन्तरिक्ष यानलाई चार महिना लाग्ने छ ।

लेगरञ्ज प्वाइन्ट त्यो ठाउँ हो, जहाँ सूर्य र पृथ्वीको गुरुत्वाकर्षण बल सन्तुलित हुनेछ । यहाँ एक किमिसको न्यूट्रल प्वाइन्ट विकसित हुन्छ, जहाँ अन्तरिक्ष यानको इन्धनको सबभन्दा कम खपत हुनेछ ।

यो ठाउँको नाम फ्रान्सेली गणितज्ञ जोसेफ लुइस लेगरञ्जको नामबाट राखिएको हो । उनले १८ औं शताब्दीमा यो विन्दुको बारेमा खोज गरेका थिए ।

आदित्य -एल १ लेगरञ्ज प्वाइन्टमा पुगेमा यसले सूर्यको सबभन्दा बाहिरी सतहको कामको अध्ययन गर्नेछ । यो मिसनले दिने जानकारीबाट सूर्यका बारेमा मानव समुदायको बुझाइ अझ राम्रो बनाउन महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

सूर्यको अध्ययन गर्ने यो पहिलो मिसन भने होइन । यसअघि नासा र युरोपियन स्पेस एजेन्सी (ईएसए) ले पनि यही कामका लागि सूर्य मिसन पठाएका छन् ।

भारत सरकारले २०१९ मा यो प्रोजेक्टलाई अनुमति दिएको थियो, जसको लागत करिव ४.६ करोड डलर थियो ।

## जिल्ला समाचार

### नेपालका लागि नेपालीद्वारा रक्तदान

वीरगन्ज । नेपालका लागि नेपाली पार्टी पर्सा जिल्ला समितिद्वारा वीरगन्ज घन्टाघर चौकमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ७० जनाले रक्तदान गरेका छन् । पर्सा जिल्ला अध्यक्ष अनिल कुर्मीको अगुवाईमा भएको कार्यक्रममा रक्तदान गर्नेहरुमा संतोषानन्द महाराज, राकेश साह, अग्नी प्रसाद भुसाल, राजाबाबू चौरसिया, प्रणय सिन्हा, अनिल कुर्मी, आनन्द सिंह, पारस दुबेदी, रोहित पटेल, संदीप पटेल, धीरेन्द्र यादव, सुबास पटेल, रामाबाबू अधिकारी, महमद रियाज, सागिर अंसारी, संतोष कुशवाहा, विकास पटेल, अरविंद चौधरी, उमेश साह, विनय साह, संजीव कांत झा, कृष्ण कांत झा, अंकित शाक्य, रबी मिश्रा, पुस्कर तिवारी, रितेश गुप्ता, दीपु गिरी, चन्द्रकांत पासवान, जितेन्द्र चौधरीसहित ७० जनाले रक्त एलदान गरेका थिए । घन्टाघरमा भएको कार्यक्रममा नेपालका लागी नेपाली पार्टीका केन्द्रीय अध्यक्ष संतोषा नन्द महाराज, सचिव तुलसी पौडेल, प्रवक्ता अग्नी प्रसाद भुसाल, केन्द्रीय सदस्यहरु बिनोद कुर्मी, पिया सिंह, मधेस प्रदेश उपाध्यक्ष मुना गुप्ता, सह-सचिव रामप्रसाद कुर्मी, कोषाध्यक्ष पारस दुबेदी, प्रबक्ता डा.विकास पटेल, मधेस प्रदेश सदस्य विभा साह, पर्सा जिल्ला उपाध्यक्ष पवन गुप्ता, सचिव नवीन मिश्रा, सह सचिव आनन्द सिंह, कोषाध्यक्ष प्रणय सिन्हा, जिल्ला कार्य समिति सदस्यहरु संतोष कुशवाहा, जयलाल कुर्मी, ओमप्रकाश पटेल, बीरगंज नगर उपाध्यक्ष धीरज साह सहित विभिन्न संघ-संस्था र राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

### सप्तरीमा गौ हत्याको विरोधमा प्रदर्शन

सप्तरी । वैदिक सँस्कृति समाज सप्तरीले शुक्रबार गौवंश संरक्षण गर,गौ हत्या बन्द गर नारा सहित विरोध प्रदर्शन गरेका छन् । वैदिक सँस्कृति समाज सप्तरीका अध्यक्ष रामकुमार शास्त्रीको नेतृत्वमा राजविराजस्थित शिव मन्दिरबाट गौवंश संरक्षण गर, गौ हत्या बन्द गर, हिन्दु राष्ट्र कायम गर, वैदिक गणतन्त्र धोषणा गर लगायतका विभिन्न नारा लगाउँदै नगरको विभिन्न भाग परिक्रमा गरेका थिए । नगर परिक्रमा पश्चात शिव मन्दिरमा पुगेर कोण सभा परिणत भएका थिए । सो सभामा सुनसरीको धरानमा गाई, गोरु काटेर सार्वजनिक रुपमा भोज गर्नेमाथि अविलम्ब कारबाही गर्न माग बाबा मोती लाल वैरागीले माग गरे । सुनसरीको धरानमा संवैधानिक प्रावधान विपरीत गाई गोरुलाई हत्या गरि सार्वजनिक रुपमै भोजको आयोजना गरेकोले सो धटनाको छानविन गरी दोषीलाई कार्यवाही गर्न बाबा वैरागीले जोदार माग गरे । त्यसैगरी वैदिक सँस्कृती समाजका अध्यक्ष रामकुमार शास्त्रीले संविधान विपरीत कार्य गर्ने जो कोहिलाई कानुनी दायरमा ल्याई संविधानको रक्षा गर्दै धार्मिक, सामाजिक साँस्कृतिक एवम् सामुदायिक सद्भाव कायम राखी दोषीमाथी अविलम्ब कारबाही गरि शान्ति सुरक्षा एवम समस्या समाधानका लागि यथासिघ्र पहलका गर्न सरकारसँग माग गरेका थिए । त्यस्तै नेपालको संविधानमै गाई राष्ट्रिय जनावर उल्लेख गरिएकोले गाई हत्या रोकि संविधानको मुल मर्मलाई संरक्षण गर्न समता मुलक समाज निर्माण महाअभियानका उपाध्यक्ष सुनिता साह (क्रान्ति) सरकारसँग माग गरिन् । उनले नेपालको संविधानको भाग १ प्रारम्भिक धारा ४ को स्पष्टीकरणमा सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायतका धार्मिक साँस्कृतिक स्वतन्त्रतालाई अक्षुण राख्नु पर्ने प्रावधान रहेको बताइन् । सोही भागको धारा ९ को उपधारा ३ अनुसार ,राष्ट्रिय जनावार गाई हुनेछ, स्पष्ट रहेकोले अव सरकारले नेपाली रुपैयाँमा गाईको चित्र राख्न सधीय सरकार समक्ष माग समेत गरिन् ।

### गिद्ध संरक्षणमा हातेमालो गर्नुपर्ने

कपिलवस्तु । प्रकृतिको कुचिकारको रुपमा रहेको तर लोप हुन लागेको गिद्ध संरक्षणमा हातेमालो गरेर अगाडी बढ्ने एक कार्यकममा सहभागीहरुले बताएका छन् । १५औं अन्तर्राष्ट्रिय गिद्ध संरक्षण दिवसको अवसरमा नेपाल पाराभेटेनरी एण्ड लाइभइटक एसोसिएसन (नेभ्ला ) कपिलवस्तुले तौलिहवामा आयोजित समुदाय सचेतना कार्यकममा यस्तो धाराणा आएको हो । कार्यकममा बोल्दै वाणगगा नगरपालिकाका पशु चिकिस्सक डा.सन्तोष भण्डारीले पशुहरुमा प्रयोग गरिने डाइक्लोफेनक सोडियम नामक औषधी र त्यस्तै प्रकृतिका औषधी प्रयोगको कारण गिद्धहरुले त्यस्ता पशुको सिनो खादा गिद्ध मर्ने गरेको बताए । सरकारले त्यस्ता प्रकृतिका औषधी प्रयोगमा निषेध गरेतापनि लुकीछिपी प्रयोग गर्दा समस्या आएको बताए । त्यस्तै नेभ्लाका केन्द्रिय सदस्य नारायण भट्राइले गिद्ध संरक्षणको लागि समुदाय सम्म जनचेतना जगाउने काम गर्दै आएको बताए । साथै आगामी दिनमा पनि सरकारी ,निजी, सामुदायिक वन र गैर रकारी संस्थाहरु संग सहकार्य गर्ने बताए । कार्यकममा राजापानी सामुदायिक वनकी अध्यक्ष सिता पौडेलले आफ्नो वन क्षेत्रमा करिव २ सय गिद्धका गुण रहेकाले त्यसको सरक्षण र गिद्धको वासस्थानको लागि सामुदायिक वनले बासस्थान संरक्षणमा लागेको बताइन ।

### झडपमा दुई सशस्त्र प्रहरी र एक स्थानीय घाइते

नेपालगन्ज । सशस्त्र प्रहरीले तस्करीको सामान बरामद गरेपछि सामान ल्याउने व्यक्तिहरुसँग भएको झडपमा परी दुई जना सशस्त्र प्रहरी कर्मचारी र एक जना स्थानीय घाइते भएका छन् । बाँके जिल्लाको नेपालगंज उपमहानगरपालिका १६ चौलिका चोकबाट भाद्र १४ गते राती ९.३० बजे नं. ३० बागेश्वरी गण बाँकेको टोलीले चोरीपैठारीको विभिन्न सामान बरामद गरेको थियो । हार्डवयरका ति सामानको पुरा भन्सार तिरेको नपाईएपछि सशस्त्र प्रहरीले सामान बरामद गरेको हो तर भन्सार छलिका उक्त सामान फिर्ता पाउनु पर्छ भनि ल्याउने व्यक्तिहरु र स्थानीय बासिन्दा करीब १ सयदेखि १२० जना भेला जम्मा भई ड्युटीमा खटिएका सशस्त्र प्रहरीलाई हुलहुज्जत गरी सामान खोसेर लैजान खोजेका थिए । तत्कालै थप मद्दतको लागि उक्त गण, प्रस्तावित सीमा सुरक्षा गुल्म जमुनाह र विओपी जयसपुरबाट खटिएको ७१ जनाको सुरक्षा फौजले हुलहुज्जत गर्ने व्यक्तिहरुलाई सम्झाई बुझाई गरेपश्चात फिर्ता भएकोमा सामान ल्याउने व्यक्तिहरु पुनः रातको १०:३० बजे सो स्थानमा आई ड्युटीमा रहेको सशस्त्र प्रहरी माथि एक्कासी ढुंगामुढा प्रहार गरी भाग्ने क्रममा सोही उपमहानगरपालिका १४ बस्ने १८ बर्षिय जहित हसमित सामान्य घाइते भएका थिए । ढुंगामुढा प्रहारबाट नं. ३० बागेश्वरी गण बाँकेमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार बेदप्रसाद पौडेल र सशस्त्र प्रहरी जवान गणेश बुढा घाइते भएका छन् । यस्तै ना १ भ. ५७४ नम्वरको गाडीमा क्षति पुग्नुको साथै केही अस्वभावका साधनहरुमा समेत क्षति पुगेको छ । त्यसबेला सशस्त्र प्रहरीले चोरीपैठारीको हार्डवेयरका सामान, चामल तथा चिनी बरामद गरेको थियो ।

### धम्काएर ठगी गर्ने दुई जना पक्राउ

जनकपुरधाम । अख्तियारको कर्मचारी भन्दै धम्काएर ठगी गर्ने दुई जनालाई धनुषा प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा धनुषाको हंसपुर नगरपालिका वडा नं. ३ बस्ने वर्ष ३७ को अनिल सिंह र सोही ठाउँका वर्ष ३२ राहुल सिंह रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उनीहरुले गत साउन ११ गतेदेखि भदौ १५ गतेसम्म जनकपुरधाम नगरभित्रका विभिन्न ७ वटा पसलहरूमा आफूहरू अख्तियारको कर्मचारी रहेको भन्दै व्यवसायीहरूलाई धम्की दिएर रकम असुली गर्दै आएका थिए । कागजातहरू देखाउनुस्, पसलको खानतलासी गर्छौं, तपाईंको पसल सिल गर्छौं, भन्दै धाक धम्की दिई नगद रुपैयाँ असुल गर्ने तथा ठगी गर्ने उनीहरूलाई खोजतलास गरी जनकपुरधाम उपमहानगरपालिका वडा नं ७ भ्रमपुरा चोकबाट पक्राउ गरिएको जनाइएको छ । पक्राउ परेका उनीहरूलाई ठगी कसुर शीर्षक मुद्दामा ५ दिनको म्याद धनुषा अदालतबाट लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

### मानव बेचबिखनविरुद्धको दिवस मनाइयो

कपिलवस्तु । मानव बेचविखनविरुद्धको १७ औं राष्ट्रिय दिवस कपिलबस्तुमा पनि मनाइएको छ । 'सामाजिक न्याय र आर्थिक सशक्तिकरणः मानव बेचबिखनको निर्मुलन' नाराका साथ सो दिवस मनाउँदै प्रभातफेरी गरिएको छ । दिवसका अवसरमा कपिलवस्तुको तौलिहवामा प्ले कार्डसहित प्रभातफेरी निकालिएको हो । प्रभातफेरी कार्यक्रममा प्रशासन चोक हुदै तौलिहवा बजारको परिक्रमा गरी कपिलवस्तु नगरपालिकाको सभाकक्षमा कार्यक्रम गरिएको छ । प्रभातफेरीमा कपिलवसतु नगरपालिकाका नगर प्रमुख सुदीप पौडेल, प्रजिअ शंकरहरि आचार्य, सशस्त्र प्रहरी उपरीक्षक जीवन केसीलगायतको सहभागिता रहेको थियो । सुरक्षाकर्मी, शान्ति पुनर्स्थापना केन्द्र, आफन्त नेपाल, साथी संस्था र ओरेकका प्रतिनिधि मानवअधिकारकर्मीको सहभागिता थियो ।

# ललितपुरस्थित नापीचन्द्र महाविहारको नवनिर्मित भवनको उद्घाटन



काठमाडौं । नेपालको सांस्कृतिक सम्पदा क्षेत्रको पुनर्निर्माणका लागि भारत सरकारले उपलब्ध गराएको भूकम्पपछिको पुनर्निर्माण अनुदान अन्तर्गत करिब नेरु ३.५ करोडको लागतमा निर्मित ललितपुरस्थित श्री नापीचन्द्र महाविहारको नयाँ भवनको उद्घाटन भएको छ ।
नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र ललितपुर महानगरपालिकका मेयर चिरीबाबु महर्जनले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।
सो समारोहमा ललितपुर विकास समाजका अध्यक्ष बुद्धिराज बज्राचार्य, स्थानीय समुदायका प्रतिनिधि, परियोजना व्यवस्थापन परामर्शदाता इनटेकका प्रतिनिधिका साथै नेपाल सरकार र भारतीय दूतावासका पदाधिकारीहरुको पनि उपस्थिति थियो ।
नेपालको सांस्कृतिक सम्पदा क्षेत्रको पुनर्निर्माणका लागि भारत सरकारले उपलब्ध गराएको भूकम्पपछिको पुनर्निर्माण अनुदान अन्तर्गत यो परियोजनाको निर्माण भएको हो । २०७२ सालको विनाशकारी भूकम्पले क्षति पुर्याएको नापीचन्द्र महाविहारको भारत सरकारले उपलब्ध गराएको करिब नेरु ३.५ करोड अनुदान सहयोगमा निर्माण भएको हो ।
नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) ले यो परियोजनाको कार्यान्वयन गरेको हो ।
उद्घाटन समारोहमा बोल्दै राजदूत श्रीवास्तवले भारत र नेपालबीचको विकास सहकार्यका विभिन्न पक्षबारे चर्चा गर्दै यो सहकार्य दुई देशबीचको द्विपक्षीय साझेदारीको महत्वपूर्ण पक्षको रुपमा रहेको उल्लेख गरे ।
मेयर महर्जनले ललितपरका साथै आमरुपमा नेपालको सांस्कृतिक परियोजना निर्माणमा सहयोग गरेकोमा भारत सरकारलाई धन्यवाद दिए ।
भारत र नेपालको ऐतिहासिक सांस्कृतिक समानता र सम्पदा हाम्रा भावी पुस्ताका लागि संरक्षण गर्न आवश्यक छ । तसर्थ यस्ता सम्पदा क्षेत्रहरुको पुनर्स्थापना गर्ने हाम्रो साझा प्रयास रहेको छ ।
भारतले विगतमा पनि सांस्कृतिक सम्पदा क्षेत्रको पुनर्स्थापनाका लागि नेपालसँग मिलेर काम गरिसकेको छ । यो हातेमालोले हामीबीचको मैत्री सम्बन्धलाई मजबुत बनाउनुका साथै यसले हाम्रो साझा सांस्कृतिलाई पनि प्रतिबिम्बित गर्दछ ।
यसै अनुरुप भारत सरकारले नेपालका सात जिल्लामा रहेका २८ वटा सांस्कृतिक सम्पदाको संरक्षणका लागि काम गर्ने प्रतिबद्धता जनाएको छ । यसका अतिरिक्त भूकम्पपछिको पुनर्निर्माण अनुदान अन्तर्गत भारत सरकारले गोरखा र नुवाकोट जिल्लामा ५०,००० वटा निजी आवास, आठ जिल्लाका ७१ वटा शैक्षिक संस्था, र दश जिल्लाका १३२ वटा स्वास्थ्य सुविधाको पुनर्निर्माणमा लागि सहयोग गरेको छ ।
यो परियोजनाले भारत र नेपालबीचको विकास साझेदारीलाई प्रतिबिम्बित गर्नुका साथै भूकम्पपछिको पुनर्निर्माणमा नेपाल सरकारले गरेको प्रयासमा टेवा पुर्याएको छ ।

# संखुवासभामा भारतद्वारा निर्मित हिमालय किरण पब्लिक क्याम्पस उद्घाटन

काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको संखुवासभाको खाँदबारी नगरपालिकास्थित हिमालय किरण पब्लिक क्याम्पसको क्याम्पस भवनको उद्घाटन गरिएको छ । नेपाल सरकारका परराष्ट्रमन्त्री नारायण प्रकाश साउद र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बुधबार संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।
उक्त कार्यक्रममा संखुवासभाका राजनीतिक नेता, समाजसेवी, नेपाल सरकारका अधिकारी, क्याम्पसका प्रतिनिधि र स्थानीय समुदायको उपस्थिति थियो । उक्त परियोजना 'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अनुसार नेरु ३.७४ करोडको लागतमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाका रुपमा निर्माण गरिएको हो ।
यस नवनिर्मित तीन तल्ले क्याम्पस भवनमा कक्षा कोठा, विज्ञान प्रयोगशाला, कम्प्युटर, पुस्तकालय, बैठक हल आदि रहेका छन् । जिल्ला समन्वय समिति संखुवासभाले यस परियोजनाको कार्यान्वयन गरेको हो । परराष्ट्रमन्त्री साउदले भारतले नेपाल र नेपाली जनताको विकासमा योगदान पुर्याएको र भारत जस्तो छिमेकी पाउनु नेपालको लागि गर्वको विषय भएको बताए । उनले यो विकास परियोजनाले आउँदो पुस्ताका लागि शिक्षा सुनिश्चित गर्ने र उनीहरुको करियरमा सहयोग पुर्याउने भएकाले विशेष महत्व रहेको बताउनुभयो । परराष्ट्रमन्त्री साउदले नेपालको विकासमा भारतको निरन्तर सहयोगको अपेक्षा रहेको बताए ।
राजदूत श्रीवास्तवले यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको महत्वपूर्ण हिस्सा भएको बताउनुभयो । यो सहकार्यले हालैका वर्षहरुमा नेपाल सरकार र नेपाली जनताका विभिन्न प्राथमिकताका क्षेत्रहरुमा ठूलो फड्को मारेको छ । उनले दुवै देशका जनताको हितका लागि नेपाल सरकारको प्राथमिकता अनुरुप यो विकास साझेदारीलाई निरन्तरता दिन भारत सरकार प्रतिबद्ध रहेको पनि बताए ।

# मधेशी आयोग र भारतीय मानवअधिकार आयोगले सहकार्य गर्ने

काठमाडौं । दुवै देशका नागरिकको मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि मधेशी आयोग र भारतको राष्ट्रिय मानवाधिकार आयोगले आगामी दिनमा सहकार्य हुने भएको छ ।
भारतको नयाँदिल्लीस्थित राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयमा मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्त तथा भारतीय मानवअधिकार आयोगका अध्यक्ष जस्टिस अरुण मिश्र बीच भएको द्विपक्षीय भेटवार्तामा दुवै अधिकारमुखी आयोगहरु आगामी दिनमा मानवअधिकारको संरक्षणको लागि साझा रुपमा अगाडी बढ्ने विषयमा गम्भीर छलफल भएको हो । सो छलफलमा नेपाल-भारत सीमामा हुने मानव तस्करी, लागुपदार्थ ओसार-पोसार जस्ता गैर-कानूनी गतिविधिहरु माथि दुवै आयोगले साझा रुपमा अनुगमन गर्ने समेत छलफल भएको छ ।
सो छलफलको क्रममा मधेशी आयोगका अध्यक्ष डा.दत्तले मधेशी आयोग सदैव नागरिक तथा देशको हितमा काम गर्न सकारात्मक रहेको र त्यस्ता कार्यको लागि मानवअधिकार आयोगसँग सहकार्य गरी अगाडि बढ्ने निर्णय आफैमा ऐतिहासिक हुने बताएका छन् ।
मानवअधिकार आयोगका अध्यक्ष अरुण मिश्रले मधेशी आयोगसँग सहकार्य गर्नु आफैमा गौरवान्वित विषय भएको र मानवअधिकार संरक्षणका लागि आयोग सधै तत्पर रहेको बताएका छन् ।
मधेशी आयोगका अध्यक्षलाई भारतीय मानवाधिकार आयोगका अध्यक्षसहित आयोगका सदस्य तथा उच्चपदस्थ अधिकारीहरुले स्वागत गरेका थिए ।

## आयुर्वेदिक उपचार

# रयुमेटवाइड अर्थराइटीस (Rheumatoid Arthritis) को कारण, लक्षण र उपचार



**डा. सबरी साह**
एम.डी.(आयुर्वेद)
वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ
सिंहदरबार वैद्यखाना विकास समिति

रयुमेटवाइड अर्थराइटीस एक प्रकारको अटो इम्यून डिजअरडर (Disorder) हो । यो रोगमा हाम्रो शरीरको इम्यून सिस्टम आफ्नै शरीरको स्वस्थ कोशिका तथा तन्तुलाई अनजानवश आक्रमण गर्न थाल्छ जसको परिणाम स्वरूप शरीरको एक वा एक भन्दा बढ़ी जोर्नीहरू सुनिन र दुख्न थाल्छ ।
विस्तारै-विस्तारै रोग बढ्दै जान्छ र अन्तमा हाथ खुट्टाको औंलाहरू बाङ्गिन थाल्छ जसलाई मेडिकल भाषामा Deformity भनिन्छ । आयुर्वेदमा यसलाई आमवात भनिन्छ ।
रयुमेटवाइड अर्थराइटीस पुरुषको तुलनामा महिलाहरू बढ़ी देखिन्छ । महिला र पुरुषमा लगभग क्रमश: ५:१ को अनुपात हुन्छ । यो रोगको शुरूवात शरीरमा एक चोटी भइसकेपछि एलोपैथिक चिकित्सा पद्धतिमा विरामीहरू आजीवन औषधि खान बाध्य हुन्छ । तर शुरूआती अवस्थामै वा रोग पतो लागी सकेपछि आयुर्वेदीय चिकित्सा पद्धतिद्वारा उपचार शुरू गर्यो भने केही दिनमै रोग जड़ैबाट निको हुन्छ र आजीवन औषधि खान झन्झटबाट पनि मुक्त हुन्छ । आयुर्वेदको अनुसार पाचनशक्ति कमजोर भएको मानिसमा, गरिष्ठ तथा विरूद्ध भोजन गर्नेहरूमा तथा खाएको अन्न राम्ररी पाचन नभएको अवस्थामा पुन: भोजन गर्ने मानिसहरूमा यो रोग लाग्ने सम्भावना बढ़ी हुन्छ । लामो समयसम्म मेडिकलको औषधि खाएमा त्यसको शरीरमा दुष्प्रभाव प्रभाव पनि धेरै हुन्छ र रोग पनि हतपत निको हुँदैन । त्यसकारण आयुर्वेदको उपचार प्रभावकारी तथा दुष्प्रभावरहित हुन्छ ।

लक्षण:-

१. एक वा एकभन्दा बढ़ी जोर्नीहरू सुनिन र दुख्ने ।
२. विहान पख ओछ्यानबाट उठ्ने बितिकै १/२-१ घंटासम्म बढ़ी दुखेने तत्पश्चात दुखाई कम भएको अनुभव हुनु ।
३. ज्वरो आउनु ।
४. रोग पुरानो हुँदै गएपछि प्रभावित जोर्नीहरूमा गिर्खा देखा पर्नुको साथै जोर्नीहरू बाङिगन थाल्छ ।
५ थकाई लाग्नु ।
६ शरीरमा कमजोरीको अनुभव हुनु ।

उपचार :-

१. गरिष्ठ भोजन, माछा-मासु तथा दुधजन्य परिकारहरू वर्जनीय छ ।
२. बालुवा तताएर वा तातो पानीले सेक्ने ।
३. दुखाई कम गर्नका लागि विभिन्न किसिमको तेल, मलहम तथा अन्य घरेलू लेपको प्रयोग गर्ने ।
४. दुखाई कम गर्नका लागि वेदना शामक औषधिको प्रयोग ।
५. समान्य उपचारले रोग निको नभएको अवस्थामा अनुभवी तथा विशेष चिकित्सकको सुझाव आवश्यकता अनुसार ।

## मधेशीलाई...

समस्या समाधानका लागि स्थायी प्रकृतिको समाधान र चुरे क्षेत्रमा भइरहेको अनियन्त्रित र अनियमित बसोवासलाको नियमन गर्नुपर्ने माग छ। लोसपाले पिउने पानीको सतह दिनानुदिन घट्दै गएर मधेसमा शुद्ध खानेपानीको समस्या विकराल हुँदै गएकाले समस्या समाधान र पानी सहज उपलब्धताका लागि तीन तहको सरकार मिलेर समाधानको काम गर्न आग्रह गरेको छ।
सोमबार मधेश प्रदेशमा प्रदेश स्तरीय कार्यक्रम सम्पन्न भएपछि मंगलबार पत्रकार सम्मेलन गरेको र केन्द्र तहबाट वडासम्मै पुग्नेगरी थप कार्यक्रम घोषणा गर्ने तयारी भएको लोसपा कार्यकारिणी सदस्य केशव झाले देश सञ्चारलाई जानकारी दिए।
भूमिका महत्वपूर्ण रहेको भन्दै पुष्करले मानव विकास हामी सबैको साझा लक्ष्य हो, यसको लागि हामी सबै एकजुट भएर लाग्नुपर्ने आवश्यक्तामा जोड दिए ।
प्रदेश सचिव रामकृष्ण पुडासैनीले सहजीकरण गर्नुभएको अन्तरक्रिया गोष्ठीमा निमित्त प्रमुख सचिव किशोरकुमार चौधरीले अन्तरक्रिया कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै आगन्तुक अतिथिहरुको स्वागत गरेका थिए ।

## कानूनी...

गरेको छ ।
अर्थमन्त्री संजयकुमार यादवले प्रमुख जिल्ला अधिकारी(सीडीओ) लाई प्रदेश सरकारप्रति जवाफदेही बनाउन जरुरी भएको बताउँदै दातृ निकायद्वारा प्राप्त सय मिलियन डलरसम्मको आर्थिक सहयोग सोझै प्रदेश सरकारले स्वीकार गर्नसक्ने व्यवस्था गरिनुपर्ने माग गरे ।
यसैगरी मन्त्री सुरिता साहले संघीय सरकारले जनसंख्याको आधारमा बजेट विनियोजन गर्नुपर्ने धारणा राखिन् । संघीयता त आयो, तर, न्यायपूर्ण ढंगले अधिकार दिएनन् भन्दै उनले हिजो पनि लडेका हौं र लडिरहने छौं, बताइन् ।
यसअघि आर्थिक, सामाजिक, पूर्वाधार, शान्ति सुरक्षा तथा शासकीय सुधार एवं संवैधानिक निकाय, प्रदेशसभा कानुन गरी पाँच समूहमा समूहगत छलफल गरिएको थियो ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि पुष्करले छलफलमा उठेका प्रश्नहरु जवाफमा प्रधानमन्त्रीज्यू प्रदेशको अधिकारबारे गंभीर हुनुहुन्छ भन्नुहुँदै प्रहरी ऐनको प्रक्रिया अघि बढाएको जानकारी दिए ।
संघीय संस्थागत गर्न मधेश प्रदेशको

## वीरगन्ज...

क्लबले आँखाको रेटिना सम्बन्धी उपचारका लागि अति आवश्यक उपकरण मेयर सिंहले परवानिपुर स्थित केडिया आँखा अस्पताललाई हस्तान्तरण गरेका हुन् ।
करिब ८५ लाख रुपैयाँको उपकरण हस्तान्तरण भएको र यो उपकरणले आँखाको रेटिनाको शल्यकृया गर्न सहज हुने अस्पतालका संचालक राजेश केडियाले विश्वास व्यक्त गरे ।
अहिले पनि नेपाल-भारत लगायत विभिन्न स्थानका आँखाका समस्या भएका व्यक्तिहरुको उपचार गरिरहेको अस्पतालले यो उपकरण पछि अब आँखाको कुनै पनि समस्याको समाधानका लागि बाहिर जानु पर्ने बाध्यता हट्ने उनको विश्वास छ ।
यस्तै शुक्रबार नै क्लबले नेपाल मेडिसिटी बयोधा हस्पिटललाई पनि ४ थान डायलासिस मेसिन हस्तान्तरण गरेको छ । अस्पतालले डायलासिसका लागि निशुल्क व्यवस्था मिलाएकाले त्यहाँ जाने मृगौला बिरामीका लागि सहज होस भनेर आफूहरुले मेसिन उपलब्ध गराएको लायन्स क्लब इन्टरनेशनलका डिएन अग्रवालले जानकारी दिए ।
अस्पतालले यस अघि देखि नै डायलासिस निशुल्क गरिरहेको र अहिले प्राप्त उपकरणबाट पनि थप निशुल्क गर्न आफूहरुलाई उत्साह थपिएको अस्पतालले जनाएको छ ।


## सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड





साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

मेट्रो काठमाडौ ग्यांस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौ
फोन: ४२८८८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू



पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं